
साप्ताहिक
# गोरखा एक्सप्रेस
गोरखा एक्सप्रेस अनलाइनमा
www.nepaltoday.com.np
GORKHA EXPRESS NATIONAL WEEKLY
माटोवादीहरुको साझा पत्रिका
वर्ष ४४ अंक ३० २०८२ फागुन १२ गते मंगलबार (Feb. 24, 2026) मूल्य रू. १०/-



## मौन छन् देउवा

प्रजातन्त्रको बिडा उठाएको कांग्रेसका पूर्वसभापति शेरबहादुर देउवा मौन छन् । चुनाव हुन ९ दिन बाँकी हुँदा पनि नबोल्नु रहस्यमय छ । आफ्नै निर्वाचनक्षेत्र डडेलधुरामा देउवाको माग हुँदा पनि देउवाले मुख खोलेनन् ।

सभापति बनेका गगन थापाले पनि देउवा बोलिदिए हुन्थ्यो भन्ने चाहिरहेका छन् । उनका अनेक प्रयास बिफल भएको खबर छ । डडेलधुरामा ३४ वर्षपछि देउवाविहीन चुनाव हुँदैछ ।

देउवाले चुप्पी साध्दा कांग्रेसका धेरै गढहरू भत्किने खतरा देखिदैन ।

## ७८ संस्थाका ४ हजार ३ सयको पर्यवेक्षण




राष्ट्रिय ३७ र अन्तर्राष्ट्रिय ४१ संस्थाका ४ हजार ३ सयले फागुन २१ को निर्वाचनका पर्यवेक्षण गर्ने अनुमति पाइसकेका छन् । पर्यवेक्षकहरूले स्वच्छता प्रवर्धन, पारदर्शिता अभिवृद्धि तथा लोकतान्त्रिक वैधता सुनिश्चित गर्न देशैभरिको रिपोर्ट दिनेछन्, आयोगले पनि निर्वाचन पर्यवेक्षणलाई व्यापक महत्व दिएको देखिन्छ ।

निर्वाचनबारेको संशय सकियो।




काठमाडौं-३ को चुनाव प्रचारमा कुलमान घिसिङभन्दा राजुनाथ पाण्डेको पलडा भारी देखिन्छ । कुलमानको प्रचारमा भीड देखिन्न, राजुनाथ पाण्डेको प्रचारमा भीड देखिन्छ । के कुलमान घिसिङ राजनीतिमा असफल भएकै हुन् त ?

रास्वपा पसेर निस्किएका उज्यालो पार्टीका अध्यक्ष कुलमान घिसिङ र महानगरका प्रहरी प्रमुखबाट राजीनामा दिएर राजनीतिमा हामफालेका राजुनाथ । सफल प्रशासक कुलमान, चर्चित नगर प्रहरी राजुनाथ । यो भीडन्त चर्चामा छ । कसलाई भोट दिने, कसलाई पाखा लगाउने धेरैले निधो गरिसकेका छैनन् । तर लहर परिवर्तनको छ । यी दुबै उमेदवार परिवर्तनका पक्षधर हुन् । जसरी झापा ५, सर्लाही ४, धरान १, चितवन २ क्षेत्र चर्चामा छ, त्योभन्दा कम चर्चामा छैन काठमाडौं ३ चुनाव क्षेत्र । राजधानीका सचेत मतदाताको निर्णय उत्सुकतापूर्ण हुनेछ ।

# जनताले दिन्छन् अन्तिम निर्णय

फागुन २१ मा चुनाव । ९ दिन बाँकी छ । बहुदल र लोकतन्त्रका नायकहरूको खलनायकीले जेनजी आन्दोलन, बिद्रोहको क्रान्ति भएको थियो कि प्रतिक्रान्ति ? यसको जवाफ जनमतले दिनेछ । कुन दल वा नेताले जनबल पाउनेछ, त्यही बल नेपालको सुदूर भविष्यको निर्धारक पनि बन्नेछ ।

ठूला तीन दल माओवादी, कांग्रेस र एमाले, जसले २०६३ को परिवर्तनपछि आलोपालो शासन सत्तामा रजगज गरे । तिनीहरू रक्षात्मक थिए, चुनावमा बिजय हासिल गर्न आक्रामक देखिन थालेका छन् । माओवादी अध्यक्ष प्रचण्ड माओवाद त्यागेर १८ साना पार्टी जोडजोड पारेर नेकपाका संयोजक बनेका छन् र आफ्नो साख जोगाउन चितवनबाट गोर्खा उक्लदै अब रूकुम पूर्व पुगेका छन् । उनको चुरीफुरी केही पनि देखिदैन । लाग्छ, उनी आफू चुनाव जितेर पछारिएको राजनीतिक मैदानमा भिजेको परालखुट्टे भएर पनि उभिन चाहन्छन्, ०६४ को प्रचण्ड बहुमतबाट ३२ सिटमा झरेका प्रचण्ड अब धेरै नै न्यून संख्यामा देखिन सक्छन् ।

०७९ को निर्वाचनमा ठूलो पार्टी बनेको नेपाली कांग्रेसको सभापतित्व गगन थापाले खोसेपछि पूर्वसभापति देउवा राजनीतिक मैदानमा मुख देखाउन नसक्ने अवस्था भोगिरहेका छन् । सभापति गगन थापाको लाख प्रयत्नका बाबजुद पनि शेरबहादुर देउवाले कांग्रेसलाई जिताउन आह्वान गर्न सकिरहेका छैनन् । गगन थापा ठूलो पार्टी बन्ने र प्रधानमन्त्री हुने, कांग्रेस परिवर्तन भएको देखाउने हुंकार गरिरहेका छन् । लाग्छ, गुट फूटबाट चर्किएको कांग्रेस हुँटिट्याउँले आकाश थाम्ने फुइँकी लगाउँदै छ ।




एमालेका अध्यक्ष केपी ओली नेशनल भोलेण्टियर फोर्स गठन गरेर त्यही फोर्सको सुरक्षाघेरामा घरदैलो गरिरहेका छन् । उनलाई काठमाडौंका पूर्व मेयर बालेन साहले चुनौती दिइरहेका छन् । ओलीले देशव्यापी रूपमा जनसभा गरेर एमालेका लागि भोट माग्न सकिरहेका छैनन् । जेनजी आन्दोलनलाई रक्तपातपूर्ण बनाएको जिम्मेवारी लिन नसक्नु र जनतासँग माफी नमाग्नु उनको भूल ठानिएको छ । तथापि ओलीले भनिरहेका छन्- आगो लगाउनेहरू हार्नेछन् । आगामी सरकार एमालेले बनाउने छ । विकास गर्नेछ ।

सर्वाधिक चर्चा छ रास्वपाको । रास्वपाका अध्यक्ष रवि लामिछानेले वालेन साहलाई भावी प्रधानमन्त्री घोषणा गराएर र झापा ५ मा केपी ओलीसँग चुनावी प्रतिस्पर्धा गर्न उभ्याएर देशभरि नै रास्वपाको लहर ल्याएका छन् । वालेन साहले पनि कम बोलेर देशलाई जुरूक्कै उचालेका छन्, जसका कारण विश्वव्यापी रूपमा उनको चर्चा चुलिएको स्थिति छ ।

कांग्रेस, एमाले र नेकपाले जतिसुकै रवि र वालेन साहलाई आलोचना गरेका छन्, उति नै बालेन र रविको प्रचार बढ्दै गएको छ । यो चुनाव कांग्रेस, एमाले र नेकपाको यथास्थिति र रास्वपाको परिवर्तनका वीच हुन गइरहेको छ ।

चुनावमा ६८ पार्टीका ३४०६ उमेदवार प्रतिस्पर्धा गरिरहेका छन् । १६५ सिटमा यतिधेरै उमेदवारवीचको चुनावी युद्धको फैसला जनमतले गर्नेछ । जनता के भन्छन्, जनता के चाहन्छन् ? त्यसको फैसला फागुन २१ मा हुनेछ । आजका जनता जेनजी आन्दोलन र आँधीपछिको चेतनामा छन् । अब पनि लोभ, लालच, मासुभात, पैसामा मत दिन्छन् भन्ठान्नु गल्ती हुनेछ । विश्लेषक भन्छन्- चुनाव ऐतिहासिक हुने विश्वास गर्दा हुन्छ ।

## रास्वपाले सहकारी बचत फिर्ता गर्ने

चुनावमा सहकारी पीडितको भोट तान्न कांग्रेस एमालेले नानाथरि कुरा गरे, रास्वपाका सभापति रवि लामिछानेलाई लाञ्छित गरे । तर देशैभरि चुनावी लहर ल्याएको र चुनाव जितेर सरकार हाँक्ने आशा बाकेको रास्वपाले सरकारमा पुगेको सय दिनभित्र साना बचतकर्ताको बचत फिर्ता गर्ने वाचा गरेको छ । स्मरणीय छ, रवि लामिछाने सहकारी ठगीमा मुद्दा खेपिरहेका छन् । उनले जागीर खाएको संस्थाले चलाएको भनिएको २८ करोड हो, त्यो उनले धरौटी नै राखिसकेका छन् भने कांग्रेस, एमालेका नेताहरूले ८७ अर्बभन्दा बढी अपचलन गरेका छन् । रास्वपाले जीवी राईजस्ता सहकारी ठगेर विदेश बस्नेदेखि जेनजी आन्दोलनको छानबिन प्रतिवेदन कार्यान्वयन गर्ने बाचा पनि गरेको छ ।

रास्वपाले सकभर सुनेर बचत फिर्ता गराउने योजना अगाडि सारेको छ । बचत फिर्ता गर्ने भरपर्दो स्रोत र योजना छ भने मिलापत्र गराउन कानुनी मार्ग खोलिदिने, संस्थाको ऋण असुली र बचतकर्ताको बचत फिर्ता गराउने भनेको छ । स्मरणीय छ, रास्वपा सभापति रवि लामिछानेमाथि कास्कीमा सूर्य दर्शन सहकारी, काठमाडौंमा स्वर्णलक्ष्मी सहकारी, चितवनमा साहारा सहकारी, रूपन्देहीमा सुप्रिम सहकारी र पर्सामा सानो पाइला तथा ऋण सहकारीको बचत रकम हिनामिना गरेको आरोपमा सरकारले मुद्दा चलिरहेको छ । रवि कास्कीमा ६५ लाख, काठमाडौंमा ६० लाख, चितवन ५४ लाख, रूपन्देहीमा एक करोड र पर्सा अदालतमा एक करोड धरौटी बुझाएर रिहा भएका हुन् ।

## भारत भन्छ– चुनावपछि शक्ति सन्तुलन फेरिन्छ




भारतको नेपाल नीति फागुन २१ को चुनावपछि फेरिनसक्नेछ । यसबारेमा 'शक्ति सन्तुलन फेरिन सक्ने' भारतले नै संकेत गरिसकेको छ ।

विश्लेषणअनुसार कुनै पार्टीको पनि बहुमत आउने सक्ने देखिदैन । यो अवस्थाले भारतको नेपालनीति परिमार्जन गर्नुपर्ने दिल्लीको सोच हुनसक्नेछ । भारतको विश्लेषणअनुसार फागुन २१ को चुनावमा बामपन्थीले धेरै सिट गुमाउने छन् । एक भारतीय नीतिकारका अनुसार छिमेक पहिलो नीति लिएको भारतले जस्तो सरकार बने पनि सहयोगी भाव नै राख्नेछ । भारतको प्राथमिकता 'शान्ति, विकास र स्थायित्व' हो, भारतीय सहयोग रहन्छ ।

भाजपा हिन्दुवादी पार्टी हो, नेपालमा हिन्दुवादी झुकाव बढी छ । हिन्दुत्वको मुद्दामा भारतको सहानुभूति रहनेछ । भारत स्पष्ट छैन, राजतन्त्रका विषयमा पनि भारत पर्ख र हेरको अवस्थामा छ । तर चुनाव होस् भनेर भारतले सवारीसाधनसहित सहयोग जुटाएको छ । जेनजी आन्दोलनलाई संवोधन गर्न पनि चुनाव अपरिहार्य छ भन्ने भारतको धारणा रहेको छ । तथापि चुनावी परिणामबारे भारतमा चासो देखिन्छ ।

भारतको मनोहर परिकर रक्षा अध्ययन वेभसाइटमा प्रकाशित टिप्पणीअनुसार यो चुनावमा कुनै दलको बहुमत आउनेछैन । रिसर्च फेलो निहार आर नायक लेख्छन्- यो त्रिशंकु अवस्थामा एमाले वा रास्वपामध्ये एकमा सरकार गठनको छलफल केन्द्रित हुनसक्नेछ । यो टिप्पणीको आधार रास्वपामा युवा लहर रहेको र एमालेको संगठन बलियो भएकोले भनिएको छ ।

मत परिणाम प्रतिस्पर्धीवीच गठबन्धनको प्रयासको आवश्यकता भन्ने विश्लेषण भइरहेको बेला नेपाल बुझ्केका भनिने अवकाशप्राप्त भारतीय सैनिक जनरल अशोक मेहताले भनेका छन्- चुनावबाट नेपालको शक्ति समीकरणमा उल्लेख्य परिवर्तन आउने भारतीय अधिकारीहरूको भनाई छ । संसदमा पहिले पहिले झण्डै ६० प्रतिशत कम्युनिष्ट रहने गरेकोमा त्यो संख्या अब उल्लेख्य रूपमा घट्नेछ । उनका अनुसार यो चुनावमा रास्वपाको सिट संख्या बढ्नेछ, सत्ताको दावेदार बन्नसक्नेछ । विभिन्न अध्ययनअनुसार कांग्रेस र कम्युनिष्टको हैसियत साँघुरिनेछ । कम्युनिष्ट शक्ति ४० प्रतिशतभन्दा कममा झर्नेछन् । नेपालमा कम्युनिष्ट शक्ति घट्नु भनेको भारत र अमेरिका खुशी हुनु हो । चुनावपछि बन्ने नयाँ सरकारले भारतमा गोर्खा सैनिक भर्तीमा देखिएको बिबादको अन्त्य हुने कुरामा भारतीय पक्ष विश्वस्त छ ।

ती सैनिक जनरलका अनुसार भारतमा सैनिक भर्ती गर्ने विषयमा माओवादी, र अन्य वामपन्थी दलहरू तगारो बन्ने गरेका थिए । गैह्र कम्युनिष्ट सरकार बन्नु भनेको अग्निपथ योजनाको अनुमोदनका लागि सहज वातावरण बन्नेछ ।

स्मरणीय छ, भारतको अग्निपथ योजना भनेको नेपाली युवा सैनिक भर्ती गर्ने, अग्निवीर भनिने, भर्ती भएको ७५ प्रतिशतलाई चार वर्षपछि निश्चित क्षतिपूर्ति दिएर बहिर्गमन गराउने र बाँकी २५ प्रतिशत अग्निवीरहरूलाई निवृत्तिभरण पाउने गरी स्थायी सैन्य सेवामा लाने ष्योजना हो । यसमा नेपाल असहमत थियो । २०२२ को यो भारतीय योजना लागू हुन नसकेपछि भारतीय गोर्खा भर्ति पनि रोकिरहेको छ । यसकारण जेनजी आन्दोलनपछि घोषणा भएको फागुन २१ को चुनाव होस् भन्ने भारतको मनसाय छ र चुनाव गर्न जोड गरिरहेको छ ।

चुनाव हुन १० दिन बाँकी छ, अझै पनि सुरक्षालगायतका विषयमा संशय उठिरहेकै छन् । यसमाथि पूर्वराजाले पहिले राष्ट्रिय मुद्दाहरूमा सहमति गरेपछि मात्र चुनाव भनेर फागुन ७ मा दिएको सन्देशले ठूलै तरङ्ग उठाइरहेको छ ।

फागुन २१ को चुनावमा परिवर्तन चाहने नयाँ र हालीमुहाली गर्दै आएका पुराना शक्तिहरूवीच प्रतिस्पर्धा हुनेछ । भारतका विभिन्न निकायले नेपालको निर्वाचनलाई नियालीरहेका छन् । यसमध्येका अब्जर्भर रिसर्च फाउण्डेशनले जेनजीका माग संवोधन र कतिपय नीतिगत सुधारमा निर्वाचनको परिणाम महत्वपूर्ण हुने देखिएको भनेको छ । नेपालका सन्दर्भमा यो अत्यन्तै महत्वपूर्ण निर्वाचन हो । राजनीतिक सुधार, सुशासन र नीतिगत सुधारको जेनजी मागसहित निर्वाचन हुने भएकाले महत्व बढेको हो ।

निर्वाचनकै लागि भनेर देश विदेश पुगेका युवाहरू नेपाल फर्किरहेका छन् । भारतमा काम गर्न गएका लाखौं नेपाली आआफ्ना क्षेत्र ओइरिएका छन् । चुनावपछि बन्ने सरकारले स्वदेशमै रोजगारीको व्यवस्था मिलाउने, विकास निर्माणको गति बढाउने, भ्रष्टाचारको अन्त्य र भ्रष्टाचारीमाथि दण्डविधान लागू गरी सुशासन दिने विश्वास जनतामा छ । यसकारण पनि फागुन २१ को चुनावप्रति जनतामा पहिल पहिलेभन्दा भिन्नै प्रकारको जोश र हौसला देखिदैछ । देशमा संविधान छैन, संसद छैन । विशेष परिस्थितिमा चुनाव हुँदैछ र यही चुनावले देशको भावी भविष्य कोर्ने ठानिएको छ । यो चुनावलाई साँचो परिवर्तनका लागि ठानिएको छ । देश संकटमा छ, देशको अस्तित्व संकटमा छ । यो संकटको निदान र निकास निकाल्नकै लागि यो चुनाव हो भन्ने धारणा सर्बत्र देखिन्छ ।

नेपालको परराष्ट्रनीति र आन्तरिक व्यवस्था बिथोलिएको सन्दर्भमा नेपालको समदूरीको नीतिमा आधारित राष्ट्रिय नीति पनि यही चुनावपछि स्पष्ट हुने भनिदै छ । यसकारण नेपाल, नेपालका छिमेकी र सबै मित्रहरूले चुनावमा सघाउँदैछन् ।

## ट्रम्पलाई धक्का

अमेरिकी राष्ट्रपतिले लगाएको कर अदालतले खारेज गरेपछि विश्वव्यापी १५ प्रतिशत भन्सार शुल्क लगाउने घोषणा गरेका छन् । ट्रम्पको करनीतिले लगानी र उत्पादन बृद्धि गर्छ कि अन्यौल बढाउने हो, बहस बढेको छ । ट्रम्पको फरक फरक कर नीतिका कारण विश्वभरि प्रभाव परेको थियो, जसलाई सर्वोच्च अदालतले रोक लगाइदिएको हो । अमेरिकी ट्र्यारिफ नीतिले विश्वका शक्तिशाली मुलुकहरू प्रभावित भएका थिए । अब लगाएको कर फिर्ता गर्नुपर्ने अवस्था आउनसक्ने खतरा पनि छ । अब कांग्रेसको पूर्ण स्वीकृतिमा मात्र यस्तो कर लगाउन पाइने भएको छ ।

राष्ट्रपति ट्रम्पले सर्वोच्च अदालतको 'हास्यास्पद, कमजोर रूपमा लेखिएको र अत्यन्तै अमेरिका विरोधी निर्णय' भन्दै अब १५ प्रतिशत कर लगाइने घोषणा गरेका हुन् । पहिलेको १० प्रतिशत के हुन्छ ? स्पष्ट छैन ।

## फागुन २१ को चुनावमा




**६८ पार्टी, ३४०६ उमेदवारका घोषणापत्रमा हुम्लाको तुइन बिस्थापन गर्ने एजेण्डा छैन ।**



## मतपत्रले परिवर्तन ल्याओस्

**देवी काफ्ले–**

फागुन २१ मा चुनाव, कस्तो संसद, कस्तो सरकार चाहिएको हो, जनताले निर्णय दिने दिन । यसपल्ट जनताको मतपत्र, जनबल, जनमतले परिवर्तन ल्याओस् ।

चुनावको रौनक बढिसक्यो । परम्परागत रूपमा हेर्ने हो भने उमेदवारहरूको चुनावी बजारमा बोकाको जस्तो खरिदबिक्री शुरू गर्नेछन् । आस्थाको राजनीति गर्नेहरू पाखा लाग्नेछन् । आस्था र पैसाको तराजुमा पैसाको वजन बढि हुनेछ । निर्वाचन आयोग आचारसंहिताको अचारको पित्को फ्याँकेर ढुस्स कालो चश्मा लगाएर हिमालका टाकुरातिर नाक फर्काएर बस्नेछ । आमनागरिकको भोटको मूल्य बंगुर, रांगाभैंसी, कुखुरा, खसिबोकाको मासु र खोयाबिर्के, लोकल, कखुरा, बियर, वाइन, ओडी, रेडलेवलमा साटिने छन् । आमनागरिकलाई भाषणका ललिपप टन्न दियर सगरमाथा चढाइनेछ । ता कि भोलि आवाज उठाउन नसकुन् ।

भदौ २३ र २४ को आन्दोलन र बिद्रोहले यो परम्पराको सातो खाइदिएको छ । पार्टी र नेताको गठबन्धन, सिद्धान्त, नीति नैतिकताको पतनलाई पनि जेनजी बिद्रोहले रोकिदिएको छ । फागुन २१ को चुनावमा परम्परागत लोभ, लालच, किनबेच सायद खुला रूपमा देखिने छैन । चुनावमा भ्रष्टाचारको न्यूनिकरणले भोलिका दिनको सरकार र संसदले गर्ने भ्रष्टाचारलाई पनि रोकिदिनेछ ।

चुनाव प्रचारमा कार्यकर्ता, समर्थकको भीड लाग्नु स्वभाविक हो । अब हुलका हुल बेरोजगारहरू मोटरसाइकल, जीप, कार भ्यान बेझिझक सडकमा कुद्नु पनि सामान्य नै हो । गाउँ धुलाम्मे बनाउने छन् । सकेको पैसाको खोलो बगाईने छ । गाउँ, शहर, पार्टी प्यालेस, ब्याङ्केट स्तर अनुसारका भोजले ब्यस्त हुनेछन् । छिमेकी छिमेकी बिचमा कटाक्ष हुनेछ । ब्यानर, पम्पलेट, झण्डा, ध्वजा पताकाले शहर, बाटोघाटो, गाउँ दुलही जस्तै सिंगारिने छन् । आमसभा र कोणसभाले टोलटोल गुन्जायमान हुनेछ । गाडीहरूका लावालश्कर लाग्नेछन् । आखिर यही त हामीकहाँ हुने चुनावको परिदृश्य । गरीव मुलुकको चुनावमा यी घटना सामान्य हुन् । नेपालमा अहिलेसम्म यस्तै देखिएको हो । यसपल्टको चुनावदेखि चुनावी प्रचार, चुनावी जालझेल, चुनावी चलखेलमा धेरै सुधार आउने अपेक्षा गर्न सकिन्छ ।

नागरिकले खसालेको मतको चरम दुरूपयोग शायद अब नहोला । किनकि जेनजी पुस्ताले भदौ २३ मै पुरातन प्रणालीको जरा उखेलिदिएका छन् ।

अब नेपाली जनताले फरक चुनावी शैली देख्नेछन्, विवेकपूर्ण मतदान र नतिजा पनि देख्नेछन् । यो आशाको कारण जेनजीको आन्दोलन नै हो ।

ईमानदार, जनसेवी जनप्रतिनिधिको कल्पना गरेर आफ्नो अमूल्य मत दिन्छन् । स्वच्छ चुनावी प्रतिष्प्रधा नहुँदा त्यो कल्पना मात्रै हुन्थ्यो । चुनावमा खर्च गरेको पैसा उठाउनै पर्यो भ्रष्टाचार नगरे कसरी उठ्छ त त्यो पैसा ? यसपल्टको चुनावदेखि चुनावमा खर्च गर्ने र चुनावपछि उठाउने भ्रष्ट प्रवृत्ति रोकिन सक्छ । यसमा फागुन २१ मा मतदान गर्दा जनताले प्रयोग गर्ने विवेक निर्णायक हुनसक्छ ।

यहाँ पद धारण गरिसकेपछि उसको काम ,ब्यावहार ठिक भयन, देश र जनताको हितमा भएन भने त्यो उमेदवार फिर्ता गर्ने र जनताले अर्को रोज्न पाउने सिष्टम भइदिएको भए सायद सबै भ्रष्ट हुने थिएनन् होला । यसबारेमा परिवर्तनकारीले कुरा उठाएका छन्, त्यस्तो पद्धति विकास गर्ने आशा पनि जगाएका छन् ।

जतिपल्ट चुनाव भएर जनताका छोराछोरी नेतृत्वमा पुगे पनि, लोकतान्त्रिक अभ्यास नपुगेका कारण होला उनीहरूमा हैकमवादी ब्यवहार हावी थियो, आइन्दा हैकमवादी प्रवृत्तिको कतै पनि हावी हुनसक्ने स्थिति हुनेछैन ।

हिजो झुप्रामा बसेका, बिकटका,औषधीको नाममा सिटामोल नपाएका ती निरीह जनताको चोला अझै फेरिएको छैन । यसपल्टको चुनावपछि फेरिनुपर्छ ।

लोकतन्त्रका नाममा शुम्भनिशुम्भ, शण्डमुण्डहरूको हैकम थियो । यसपल्टको चुनावपछि यस्ता असुर प्रवृत्ति चुनावी परिणामबाटै किनारा लाग्नेछन् ।


अहिलेसम्म जनता पनि मूर्ख बनेका कारण पनि चुनाव खर्चिलो र घिनलाग्दो बन्दैछ । आफ्नो अमूल्य भोटको दुरूपयोग हुनेगरी भोजभतेरको मासुको झोलसँग पटक पटक साटेपछि चोला नफेरिएको हो । आफ्ना क्षेत्रमा उठेका उमेदवारहरूलाई खबरदारी गर्ने पैसामा नबिक्ने मेरो भोट मेरो अधिकार भनेर अडिग रहनुपर्छ भनेर जेनजी आन्दोलनले सिकाएको छ, यो सिखले परिवर्तन ल्याउनेछ । नगिचिएको चुनावमा होसियार बनौ है नेपाली जनता । यो चुनावमा हुने खर्चमा तपाईं हाम्रो पसिना र खुन छ । विवेक प्रयोग गरे आफ्नो भविष्य आफै बनाउन सकिन्छ ।

सिन्धुपाल्चोकमा सायद सबैले चिन्ने नाम हो गोपिकृष्ण चौलागाई । समाजसेवामा सधैं अग्रसर रहने चौलागाई आफुलाई कसरी समाजसेवामा समर्पित गरौं भन्ने रातदिन पिरल्दो रहेछ । सिन्धुपाल्चोकमा चुनाव जितेर आएको व्यक्ति भन्दा लोकप्रिय छन् गोपिकृष्ण ।

दु:खीहरूको उद्दार गर्ने गरेकोले उनको सिन्धुपाल्चोकमा व्यापक चर्चा छ । उनले मेहनत गरेर कमाएको धनलाई आर्थिक अवस्था कमजोर भएका व्यक्तिहरूको उद्दार गर्न लगाउने गरेकाले राप्रपाले उमेदवार बनाएको छ, जनतामा चर्चित छन् ।

*- सुरेन्द्र बहादुर सिलवाल*




## शत्रु शिविरकालाई स्यावासी




शत्रु शिविरकालाई स्याबासी!

डोनाल्ड ट्रम्पले प्रेसलाई 'जनताको दुस्मन' (इनेमी अफ् द पिपुल) भन्दैआएका छन् । प्रतिस्पर्द्धामा रहेको डेमोक्र्याटिक पार्टीलाई त उनले खासमा 'विपक्षी' नै ठान्दैनन्, र भन्ने गरेका छन्- 'असली विपक्षी त मिडिया हो ।' 'फेक न्यूज' ट्रम्पको थेगो नै भैगो । अमेरिकी जनताको चिन्ता र चासोलाई जिज्ञासाको शैलीमा प्रश्न गर्न 'सेतो घर' को पटाङ्गिनीमा भेला भएका सञ्चारकर्मीलाई होच्याउने काम उनको दैनिकीजस्तै बनेको छ !

तर यसरी निरन्तर शत्रु र विपक्षी ठानिदै आएको प्रेसलाई ट्रम्पकै सरकारले हालै 'धन्यवाद' (थ्याङ्क यू) दिएको कुरा अमेरिकी प्रसारण संस्था पी.बी.एस.समेतका केही माध्यमले सुखद् आश्चर्यको रूपमा लिएका छन् । आखिर स्याबासी दिनलायक के चाहिँ काम भएछ त प्रेसबाट यसबीचमा? कौतुहल त हुने नै भयो । जे होस्, परराष्ट्रमन्त्री मार्को रूबियोको कुरा सुन्दा धन्यवाद भेनेजुएलाउपरको सैनिक कारबाहीको सिलसिलामा प्रेसबाट प्राप्त 'सहयोग' बापतको रहेछ भन्ने प्रष्ट हुन्छ ।

### अनि सहयोग कसरी गरेछ त प्रेसले ?

रूबियोका अनुसार, केही समाचार-माध्यमले भेनेजुएलामाथि कारबाही हुन लागेको अग्रिम सुइँको पाएका थिए, तर तिनले त्यस जानकारीलाई तत्काल जनसमक्ष लगेनन् । त्यसै बापत हो हामीले तिनलाई धन्यवाद दिएको । तिनले खबर रोकेर नराखिदिएको भए कतिपय अमेरिकीहरूको ज्यान जान सक्थ्यो । स्मरणीय छ, शनिवार बिहान सखारै राजधानी काराकासको राष्ट्रपति निवासमा गरिन लागेको सैनिक आक्रमणको सूचना केही माध्यमले शुक्रवार बेलुकी नै पाइसकेका थिए । शुक्रवार अर्थात् २ जनवरी तदनुसार पुस १८ गते । तर ती समाचार-माध्यमले त्यस सूचनालाई तत्काल समाचार बन्न दिएनन् । यो चानचुने 'सहयोग' थिएन । चीलले चल्ला टिपेर उडाएझैं भेनेजुएलाका राष्ट्रपति निकोलस् मदुरो र उनकी पत्नीलाई राति ओछ्यानबाट अपहरण गरेर विमानद्वारा न्यूयोर्क पुऱ्याइँदै थियो । तै त्यस बखत एकजना अमेरिकीको पनि ज्यान गएन । मरे त मरे भेनेजुएलामा कार्यरत ८० जना--धेरैजसो सुरक्षाकर्मी र केही सर्वसाधारण । कुनै अमेरिकी नमरेको पक्का थियो, गैरअमेरिकीबारे के चासो ?

### चर्चित प्रकाशन

यस घटनाद्वारा प्रेसको भूमिकालाई चर्चा वा विवादमा तान्ने काम खासगरी यी दुइटा अखबारले गरेको पाइयो:-द वाशिङ्टन पोष्ट र द न्यूयोर्क टाइम्स । कुनै देशउपर हमला गर्नुपरेमा संसद् (कँग्रेस) को अनुमति लिनुपर्ने कानूनी व्यवस्थाको पालना नगरीकन राष्ट्रपतिको आदेशमा सोझै कारबाही गर्न लागिएको जानकारी ती दुबै माध्यमले बेलैमा पाएका थिए । परन्तु त्यति गम्भीर मामिलाको ताजा जानकारी जनसमक्ष किन पु-याएनन् त ? यो प्रश्न प्रेसकै अन्य अङ्गहरूले उठाएपछि ती दुई छापा (र तिनका डिजिटल संस्करण) का तर्फबाट स्पष्टिकरण आयो, मोटामोटी एउटै बेहोराको:-पुष्टि भएका विवरण र अधूरा सूचना त आए तर त्यत्तिकै आधारमा समाचार लेखिहाल्न मिल्दैनथ्यो । थपमा, प्रकाशन ढिलो भएको आन्तरिक कारणले हो, सरकारी आग्रहमा भने होइन भन्ने दाबी आयो ।

यहीँछेउ प्रश्न उठ्छ:- त्यसो भए मार्को रूबियोले प्रेसलाई किन धन्यवाद दिनु आवश्यक ठाने ? 'सहयोग' नगरेको भए दिन्थे त धन्यवाद ? अघिपछि त्रुटिपूर्ण लागेका सरकारी नीति र कार्यहरूको चर्को आलोचना गरे पनि राष्ट्रिय सुरक्षाको विषय आइपर्दा प्रेसले सरकारलाई सहयोग नै गर्छ र गर्नुपर्छ भन्ने एकथरीको मान्यता छ । तर 'राष्ट्रिय सुरक्षा' को आडमा एकोहोरो अडान लिन र अन्तर्विरोधी निर्णय गर्नमा अभ्यस्त ट्रम्पले डेनमार्कको स्वशासित प्रदेश ग्रीनल्याण्डमा जबरजस्ती अमेरिकी फौज तैनाथ गराए कस्तो परिस्थिति उत्पन्न होला ? भेनेजुएलामै पनि संघर्षको क्रममा अमेरिकी सैनिक मारिन सक्थे ।

वाशिङ्टन पोष्ट त झन् जेफ् बेजोस्को स्वामित्वमा छ जसको व्यवसाय अमेजोनमा सीमित छैन । त्यसैले पनि होला,पोष्टले सम्पादकीय अग्रलेखमा 'सफल' अमेरिकी कारबाहीको स्वागत नै ग-यो । न्यूयोर्क टाइम्सका कार्यकारी सम्पादक जो काहनले भने एक वक्तव्य निकाले जसमा 'कारबाहीको तयारी अघि बढेको' भन्नेसम्मको सूचना आएको थियो तापनि पुष्टि भएका विवरण पर्याप्त थिएनन्, त्यसै कारण प्रकाशन ढिलो हुन गयो दाबी गरिएको छ । यसै सन्दर्भमा बेलायतका एक लेखक ओएन जोन्सले बीबीसीको त्यस आन्तरिक परिपत्रको चर्चा गरेका छन् जसमा मदुरोलाई 'अपहरण' गरिएको नभन्नू भन्ने निर्देशन दिइएको थियो । कि 'कब्जा गरिएको' लेख्नू कि 'नियन्त्रणमा लिइएको' शब्दावली प्रयोग गर्नू । जगरूजाहेर छ, बीबीसी बेलायतको संस्था हो तापनि अचेल ट्रम्पको प्रतिवादी भएर कानूनी मुद्दा खेपिरहेको छ । त्यही कारण होला चाहिनेभन्दा बढी सावधानी अपनाएको ।

### पाठक कि उपभोक्ता ?

जनतालाई सूसुचित गर्नुपर्ने मुख्य दायित्वबाट यसरी विमुख हुँदा प्रेसका मान्यता र आचार संहिताका प्रश्न साथसाथै उठेका छन, उठ्ने नै भए । बुझक्कीहरू भन्छन्:- प्रेस स्वतन्त्रता प्रेस नाफामुखी व्यवसाय हुँदै गए अनुरूप पाठकहरू पनि 'समाचार उपभोक्ता' मा परिणत हुन बाध्य भएका छन् । देश र समाजप्रतिको दायित्वबोध लगातार कमजोर भइरहेको छ । प्रविधिको विकासले सामाजिक सञ्जालको प्रभावलाई विस्तार गरेको कुरो सत्य हो, तर त्यसलाई आवश्यकताको साँचोमा ढाल्ने उपायहरू अपनाउन कसले रोक-छेक गरेको छ र ? जहाँ इच्छा त्यहाँ उपाय ।

संस्थागत पत्रकारिताको विकासमा हालैका दशकमा एकभन्दा बढी कोणबाट अवरोध आएका छन् । र,राजनीतिको भरू-याङ चढेर सार्वजनिक जीवनमा देखापर्नेहरूले जानी-नजानी प्रेसको विश्वसनीयतामा बट्टा लाग्ने काम गरिरहेका छन् । यो निष्कर्षमा पुग्ने क्रममा अष्ट्रेलियाका लेखक/सम्पादक एरिक बीचरले प्रेसमाथि सर्वाधिक आघात पु-याउने व्यक्ति डोनाल्ड ट्रम्प हुन् भनेका छन् । उनका भाषण र विवादास्पद निर्णयहरू यस प्रसङ्गका प्रमाण मानिन्छन् । बेलायत र अमेरिकामा समेत काम गरेको अनुभव सँगालेका बीचरको नवीनतम् पुस्तक हो 'द मेन हु किल्ड द न्यूज' (ती पुरूषहरू जसले समाचारको हत्या गरे) ।

त्यही संयुक्त राज्य अमेरिका हो जहाँ सन् १९७१ मा सर्वोच्च अदालतको फैसला अनुसार न्यूयोर्क टाइम्सले भियतनाम युद्धबारे जनचासोका विषय प्रकाशित गर्न पाएको थियो । 'पेण्टागन पेपर्स' प्रेसजगत्मा चर्चित छ । पछि राष्ट्रपति निक्सनको कार्यकालमा 'वाटरगेट काण्ड' भयो जसलाई वाशिङ्गटन पोष्टले जनसमक्ष पुऱ्यायो, निक्सन राजीनामा गर्न बाध्य भए । तर देख्दादेख्दै लोकतन्त्रको एक प्रमुख स्तम्भ मानिएको स्वतन्त्र प्रेस अहिले आएर सरकारको 'सहयोगी' प्रेस हुन पुगेको छ । विडम्बना ।जे भएपनि आशा छोडेर हतास हुने काम छैन । लोकोक्ति छ: सत्य डग्दैन, झूटो तग्दैन ।

साभार : हिमाल प्रेस

## फागुन २१– निरन्तरता र परिवर्तनबीचको संघर्ष

**शरच्चन्द्र भण्डारी-**



फागुन २१ नजिकिँदै जाँदा नेपालमा निर्वाचन प्रचार तीव्र बन्दै गएको छ । मतदातालाई मनाउन तीन प्रमुख राजनीतिक दलहरूले प्रधानमन्त्रीका लागि आफ्ना उम्मेदवार घोषणा गरेका छन् । प्रधानमन्त्री बन्न, पहिले संसद सदस्यमा निर्वाचित हुनुपर्छ । निर्वाचन मैदानमा प्रतिस्पर्धा गरिरहेका तीन प्रमुख व्यक्तिहरू हुन्–नेपाल कम्युनिस्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी, एमाले) का केपी शर्मा ओली, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का बालेन्द्र शाह, र नेपाली कांग्रेसका गगनकुमार थापा ।

१६५ सिटमा ६६ दल र स्वतन्त्र उम्मेदवारहरू मिलेर कुल ३,४०६ उम्मेदवार उभिएका छन् । अघिल्लो निर्वाचनमा नेपाली कांग्रेस प्रतिनिधि सभामा सबैभन्दा ठूलो दल बनेको थियो, ८८ सिट जित्दै–५६ प्रत्यक्षतर्फ र ३२ समानुपातिकतर्फ । कांग्रेसले माओवादी केन्द्र, एकीकृत समाजवादी, र लोकतान्त्रिक समाजवादी पार्टीसँग गठबन्धनमा प्रतिस्पर्धा गरेको थियो ।

एमालेले ४५ प्रत्यक्ष सिट र ३४ समानुपातिक सिट जितेको थियो । त्यसबेला मत प्रतिशत सन्तोषजनक मानिएको थियो, जसले अध्यक्ष ओलीलाई बलियो बनायो तर तीन वर्षभन्दा बढी समयपछि एमालेको विश्वसनीयता घट्दै गएको छ । ओली रास्वपाका अध्यक्ष रवि लामिछानेसँग सम्बन्धित कानुनी विवादमा फसेका छन्, जसमा सहकारी कोष दुरूपयोगको आरोप छ । साथै, पूर्व काठमाडौं मेयर शाहसँग सार्वजनिक विवाद पनि भएको छ । जनमतले ओली र एमालेलाई ७६ जनाको मृत्यु–जसमध्ये २२ जना 'जेनजी' आन्दोलनमा गोली हानिएका–को जिम्मेवार ठहराएको छ ।

स्थापित दल, नयाँ शक्ति, र स्वतन्त्र उम्मेदवारहरू घर-घरमा पुगेर मत मागिरहेका छन् । नयाँ दलहरूको उदय, विशेषगरी रास्वपा, गत भदौमा भएको जेनजी आन्दोलनको लहरबाट आएको हो । युवाहरूको भ्रष्टाचार, बेरोजगारी, र शासन पक्षाघातप्रति आक्रोशले सुरू भएको आन्दोलन अब निर्णायक राष्ट्रिय क्षणमा परिणत भएको छ । यस निर्वाचनलाई संविधानिक अभ्यास मात्र नभई नयाँ पुस्ताको जवाफदेही, पारदर्शिता, र ठोस सुधारको मागप्रति जनमत संग्रहको रूपमा हेरिएको छ ।

आन्दोलनपछि नयाँ नेपाली कम्युनिस्ट पार्टी बनेको छ, जसले करिब दर्जनौं वामपन्थी समूहलाई एकताबद्ध गरेको छु । तर संसदमा पहिले दुई मात्र प्रतिनिधित्व भएका थिए माओवादी केन्द्रका ३२ सिट र समाजवादीका १० सिट जोड्दा ४२ सिट हुने थियो । विप्लव समूह, बामदेव गौतम, र भीम रावल नयाँ पार्टीमा सामेल भए । तर केही नेताहरूले एकीकरण अस्वीकार गरे, जसले विपक्षी दललाई कमजोर पार्न सक्छ ।

भदौ २३ र २४ को आन्दोलनले युवाहरूको गहिरो असन्तोष उजागर गऱ्यो–रोजगार अभाव, महँगी, वैदेशिक रोजगारीको बढ्दो प्रवृत्ति, र स्थायी भ्रष्टाचार । शहरी तथा अर्ध-शहरी क्षेत्रमा युवाहरूले स्पष्ट माग गरे: भ्रष्टाचार नियन्त्रण, संस्थागत सुदृढीकरण, रोजगारी सिर्जना, र प्रभावकारी शासन । धेरै पहिलोपटक मतदान गर्नेहरूका लागि यो निर्वाचन पार्टी निष्ठाभन्दा बढी योग्यता-आधारित नेतृत्व र जवाफदेहीतामा केन्द्रित अवसर हो ।

वरिष्ठ नेता डा. प्रकाशचन्द्र लोहनीले बालेन्द्र शाहको व्यवहारप्रति असहमति जनाउँदै भने–"प्रधानमन्त्री बन्न चाहने व्यक्ति जनतासँग संवाद गर्न इच्छुक छैन भने त्यो अधिनायकवादी शैलीको राज्यमा उपयुक्त हुन सक्छ, तर खुला लोकतान्त्रिक समाजमा यस्तो दृष्टिकोण अस्वीकार्य छ ।"

सामाजिक टिप्पणीकारहरूले पनि आफ्नो विचार राखेका छन् - समाजसेवी मुकुन्द पौडेलले चेतावनी दिएका छन् कि धेरै नयाँ दलसँग संगठनात्मक गहिराइ र स्पष्ट विचारधारा छैन, जसले मत विभाजन गर्न सक्छ । समाजशास्त्री उद्धव प्याकुरेलले भने– जेनजी आन्दोलनको सुधारवादी भावना संसदमा टिकाउन सक्नु नै अन्तिम परीक्षा हुनेछ । राजनीतिक विश्लेषक गेजा शर्मा भन्छन्–ओलीका लागि यो विशेष कठिन हुनेछ, किनकि उनी तीनपटक प्रधानमन्त्री भइसकेका छन् र जेनजी आन्दोलनको समयमा सरकारको नेतृत्व गरेका थिए ।

यसैबीच, परम्परागत नेताहरूसँग चुनौती दिने नयाँ अनुहारहरू पनि छन् । पूर्व काठमाडौं मेयर बालेन्द्र शाह शहरी सुधार र युवा सशक्तिकरणको प्रतीक बनेका छन् । धरानका पूर्व मेयर हर्क साम्पाङले बलियो स्थानीय विश्वसनीयता कमाएका छन् । भरतपुरकी मेयर रेनु दाहाल, प्रचण्डकी छोरी, दुईपटक निर्वाचित भएकी छन् । प्राविधिक कुलमान घिसिङ, जसले दीर्घकालीन विद्युत् संकट अन्त्य गरेका थिए, उज्यालो नेपाल पार्टी बनाएर राजनीतिमा प्रवेश गरेका छन् ।

निर्वाचनका प्रमुख प्रतिस्पर्धा झापा-५ मा ओली र रास्वपाका वरिष्ठ नेता शाहबीच छ । झापा-२ मा पूर्व सभामुख देवराज घिमिरे र पूर्व उपसभामुख इन्दिरा राना मगर आमनेसामने छन् । चितवन-३ मा रेनु दाहाल र रास्वपाकी सोबिता गौतमबीच प्रतिस्पर्धा छ । चितवन-२ मा रवि लामिछाने पुनः प्रतिस्पर्धा गर्दैछन्, जहाँ उनी नागरिकता विवादपछि उपनिर्वाचनमा विजयी भएका थिए ।

तनहुँ-१ मा रास्वपाका स्वर्णिम वाग्ले, कांग्रेसका गोविन्द भट्टराई, र एमालेकी भगवती न्यौपाने उम्मेदवार बनेका छन् । वाग्ले पहिले यहाँ विजयी भइसकेका छन् ।

विश्लेषकहरू भन्छन्–कुनै एक दलले बहुमत ल्याउने सम्भावना कम छ । गठबन्धन आवश्यक हुनेछ । युवाहरूको भावना निर्णायक छ । उनीहरूले पारदर्शिता, आर्थिक पुनरूत्थान, रोजगारी सिर्जना, योग्यता-आधारित सार्वजनिक सेवा, र भ्रष्टाचारविरूद्ध कदम मागिरहेका छन् ।

अन्ततः, फागुन २१ को निर्वाचन केवल सिट जित्ने कुरा होइन । यो निरन्तरता र परिवर्तनबीचको संघर्ष हो । यसले परीक्षण गर्नेछ–आन्दोलन-प्रेरित ऊर्जा संस्थागत सुधारमा रूपान्तरण हुन्छ कि हुँदैन, नयाँ नेताहरू परम्परागत शक्ति सञ्जाललाई चुनौती दिन सफल हुन्छन् कि हुँदैन, र नेपालले सुरक्षित, विश्वसनीय निर्वाचन सम्पन्न गर्न सक्छ कि सक्दैन ?

# बसन्त चौधरी, जयदेव भट्टराई र हरि मञ्जुश्री सम्मानित





२०८२ फागुन ६, काठमाडौं ।

वासु शशी स्मृति परिषद्ले वरिष्ठ साहित्यकार वसन्त चौधरीलाई "वासु शशी साहित्य पुरस्कार २०८२', साहित्यकार जयदेव भट्टराईलाई "वासु शशी स्रष्टा पुरस्कार-२०८२' र साहित्यकार हरि मञ्जुश्रीलाई "कृष्ण-सरस्वती साहित्य पुरस्कार-२०८२' प्रदान गर्ने निर्णय गरेको छ । उक्त पुरस्कारको राशि २५,००० ।- (पच्चीस हजार) र स्रष्टा पुरस्कार रू. २१,००० ।- रहेको छ ।

परिषद्का अध्यक्ष कालीप्रसाद रिजालको अध्यक्षतामा बसेको कार्यसमितिको बैठकले सो निर्णय गरेको हो । उक्त पुरस्कार वरिष्ठ कवि एवं नाटककार वासु शशीको ९० औं जन्मजयन्तीको अवसरमा आगामी चैत १३ गते समर्पण गरिने परिषद्का सदस्य-सचिव प्रद्युम्न जोशीले बताए ।

विगत चार दशकदेखि सक्रिय साहित्यकार चौधरीको कविता, उपन्यास र निबन्धसहित डेढ दर्जन बढी साहित्यिक पुस्तकहरू प्रकाशित छन् । चौधरीको राष्ट्रियता नदुखोस् र संवाद (निबन्धसङ्ग्रह), मेरा डायरीका पानाहरू, मेघा र मेरा कविताहरू र तिमीविनाको म (कविता सङ्ग्रह), जीवन-मन्त्र (जीवन अनुभूति-भाग १), वसन्त (नौ भाषामा कविता सङ्ग्रह), आँसुओं की सियाही से, अनेक पल और मैं, वक्त रूकता नही र चाहतों के साये में (हिन्दी कविता सङ्ग्रह), आहना (नेपाली/अंग्रेजी बालकविता सङ्ग्रह), जीवन -मन्त्र-२ (जीवन अनुभूति भाग २), म्यानेजमेन्ट ३६० डिग्री (अंग्रेजी निबन्ध सङ्ग्रह) र मेरा गीत (नेपाली/हिन्दी गीत सङ्ग्रह), बसन्त चौधरी का काव्य जीवन का बहुरंगी कोलाज र देवयानी (उपन्यास)लगायतका कृतिहरू प्रकाशित रहेका छन् ।

विगत चार दशकदेखि नेपाली भाषा साहित्यमा क्रियाशील भट्टराईको जीवनी, अनुसन्धान, सम्पादन गरी डेढ दर्जन साहित्यिक पुस्तक प्रकाशित छन् । भट्टराईका व्यक्तित्व र शब्दचित्र, साहित्यकार परिचय र अभिव्यक्ति, सन्दर्भ र खोजी, छाडेर जानेहरू, सय वर्षको कविता, गोपको इतिहास, 'नमन' र स्मृतिमा छाडेर जानेहरू व्यक्तिपरक निबन्ध सङ्ग्रहलगायतका कृतिहरू प्रकाशित छन् । भट्टराईले मधुपर्क र आरब्धको सम्पादनसमेत गर्नु भएको छ ।

यसैगरी विगत चार दशकदेखि सक्रिय साहित्यकार मञ्जुश्रीको कथा, कविता, उपन्यास, निबन्ध, जीवनी, अनुसन्धान, सम्पादनसहित तीन दर्जन साहित्यिक कृतिहरू प्रकाशित छन् । मञ्जुश्रीका अनाहक उदगारहरू (मुक्तकृति), रहरहरूको लहर (कविताकृति), फेरिएको पर्खाल, हरिमञ्जुश्रीका कथा, नानीबाबु र हामी केही बोल्न सकेनौं (कथाकृति), चालीसौं शताब्दी र माधुरी आचार्य (उपन्यास), आजको नेपाल कता लागिरहेछ ?, मेरा अनुभूतिहरूमा चौबाटोको चारैतिर, अमर्त्य भोजपुरे : हिरण्य भोजपुरे, शशि भण्डारी -आयाम र आलोक । (निबन्धकृति) आदि प्रकाशित छन् । एकसय बढी कृतिहरू सम्पादन गर्नुभएको छ ।

यो पुरस्कारबाट साहित्यकारहरू विनोद अश्रुमाली, मञ्जु काँचुली, बद्री पलिखे, गणेश रसिक, हेम हमाल, विश्वविमोहन श्रेष्ठ, अशेष मल्ल, हरि अधिकारी, कृष्णभूषण बल, काजी रोशन, डा. विष्णुविभू घिमिरे, नरेन्द्रबहादुर श्रेष्ठ, डा. विमल कोइराला, तीर्थ श्रेष्ठ, कणाद महर्षि, उषा शेरचन, गोविन्द गिरी प्रेरणा, शैलेन्दुप्रकाश नेपाल, इन्दिरा प्रसाई, राधेश्याम लेकाली, मोमिला, श्यामल, प्रतिसरा सायमि र विमल वैद्य र वासु शशी साहित्य सम्मानबाट वरिष्ठ साहित्यकारहरू तीर्थराज वन्त, डा. मोहनहिमांशु थापा, तुलसी दिवस, भैरवनाथ रिमाल 'कदम', प्रदीप रिमाल, यादव खरेल, गीताकेशरी, शिव रेग्मी, परशु प्रधान, कालीप्रसाद रिजाल, कृष्ण जोशी, रमा शर्मा, श्रीधर खनाल, ज्ञान उदास, भागिरथी श्रेष्ठ, कल्पना प्रधान, श्रेष्ठ प्रिया पत्थर, कर्ण शाक्य, हिरण्य भोजपुरे, किरण खरेल र मनबहादुर मुखिया सम्मानित भइसकेका छन् ।

## हाम्रो गुनासो : इन्द्रकुमार श्रेष्ठ



ज्ञान, सूचना, मनोरञ्जन
हातहातमै छ हाम्रो संसार
जे खोज्यो त्यही पाइने
बसीबसी सारा काम हुने
मन लागेको खानेकुरा खाऊ
मन लागेको कपडा लाऊ
मन लागेको ठाउँमा तुरून्त जाऊ
जसरी पनि मजाले रमाऊ
सर्वत्र उघ्रियो आधुनिकताको दैलो
कस्तो सजिलो, कत्ति रमाइलो
संसारमा सुविधाको समुद्र बहने
बयान गरेर साध्यै नहुने
तर पनि हाम्रो गुनासो छँदै छ-
थालमै खानेकुरा कहिले डाउनलोड हुने ?

## केही मुक्तकहरू



तिमी काफिया म रदीफ हुँ, तिमी दिन म रात हुँ
तिमी प्रीतिकी घनघटा र म साउनको बर्सात हुँ
तिमी छौ म छु, यो पलपलको मनमोहक सृष्टि छ
यसैले तिमी प्रकृति म पुरूष, तिमी मदिरा र म मात हुँ

**- केशवराज आमोदी**



देशको राजनीति यो मोड्न खोज्छु नमोडिने
धूर्त मित्र परेको छ तोड्न खोज्छु नतोडिने
कहाँ पोखौं र यो मर्म मात्र भुट्भुटिदै छु म
फुटेका हाँडीका टुक्रा जोड्न खोज्छु नजोडिने ।

**- मुक्तिनाथ न्यौपाने**



खड़रीको चापमा उनी सुकेर बग्छिन्
बर्खाको भलबाढ़ीमा फुकेर बग्छिन्,
भेदभाव नगरी अभिभावक निभाउँदै
घमण्ड रहित सधैं-सधैं झुकेर बग्छिन् ।

**- गीताश्री शर्मा, सिक्किम**



मुखमा राम भन्दै बोलेर के अर्थ र तनमा खोट भए
हाँसोमा मिठास कहाँ खुल्छ अधर बिभ्ने चोट भए
मुस्कान छर्न खोज्दैमा घाउहरू भरिन्छ भन्न सकिदैन
सबै ब्यथा उस्तै बन्थे नबिझाँउने मायाको बोट भए

**- चन्द्रकला आचार्य**



उकालो बाटो, फागुने घाम, म चढ्न सक्दिन
ढुङ्गाको मनले, लेखेको अक्षर, म पढ्न सक्दिन
बिसौनीमाथि, भरोसा केवल, छहारी हाँगाको
गोरेटोभरि, हिंडियो पोख्दै, तिर्सना आँखाको ।

**- खगेन्द्रगिरि कोपिला**




भाषण र नारामा मात्र सीमित नहोस्, प्रजातन्त्र
उत्सव र तालीमा मात्र जीवित नहोस्, प्रजातन्त्र
मुस्कान छाओस् हरेक नेपालीको ओठमा,
शहीदको सपना पराजित नहोस् प्रजातन्त्र ।

**- अर्जुन अधिकारी**



कहिले लाग्छ यो राजनीति, कुम्भ मेला जस्तो
कहिले लाग्छ अनावश्यक, गन्थन भेला जस्तो
त्यति सम्मन के ? थियो र जे त हुन्थ्यो हुन्थ्यो-
अहिले त झन् यस्तो भयो, फोहरी खेला जस्तो ।

**- मुकुन्द पौडेल**



बिबेकको पोखरी नै चुहिएको बेला
असल बिचार यहाँ कुहिएको बेला
खोइ कोबाट अब के आशा राख्नु
गर्छु भन्नेको बोली नै तुहिएको बेला ।

**- उषा केसी**



साहित्य पारदर्शी नामाकरण हो जीवनको
यो त आदर्शमय आचरण हो जीवनको
यस्को सामिप्यले उमंग भरिन्छ मानवमा
यो सुमार्ग पथको प्रथम चरण हो जीवनको ।

**- गंगा लिगल**



साँचो माया गर्नेहरू यहाँ एक्लै हुन्छन् भिँडमा पनि
हतियार न खुस्कियोस् भन्दै लाहा भर्छन् बिँडमा पनि
पवित्र सम्बन्धको डोरीलाई बचनले टुक्रा पार्नेहरू,
पछुताउँछन् पक्कै एकदिन साहस हुन्छ गिँडमा पनि

**- विद्या भण्डारी**



मुटुभरि तिम्रै मायाँ हुन्छ मनभरि तिम्रै कुरा हुन्छ
शीरमा सिंदुर हुन्छ अनि हातभरि तिम्रै चुरा हुन्छ
सपनाको राजकुमार विपनामा प्रत्यक्ष प्रकट हुँदा
अधुरा इच्छा चाहनाहरू तिमी भए सबै पूरा हुन्छ

**- तिलष्मी प्रभाष**



सब थोक पाइन्छ,चोखो माया पाउनै पो गाह्रो
दुनियाँमा बेमतलबी दोपाया पाउनै पो गाह्रो
युज एन्ड थ्रो को अभ्यस्त प्लास्टिक युग हो यो
आफ्नै छायाँको नी विश्वास पाउनै पो गाह्रो ।


**- इन्दु तोदी**

# द्रष्टा दृष्टिमा स्रष्टा विश्वप्रेम



*अरूणबहादुर खत्री*

स्याङ्जाका साहित्यकार विश्वप्रेम अधिकारीको बारेमा लेखिएको *द्रष्टा दृष्टिमा स्रष्टा विश्वप्रेम अधिकारी* पुस्तक भानु जयन्तीको अवसरमा प्रकाशित कृति हो । यसमा साहित्यकार प्रा.कपिल अज्ञात, खगेन्द्रगिरी कोपिला, खत्री कमल, प्रा.डा. गोविन्दराज भट्टराई, प्रा.डा.जगन्नाथ रेग्मी, टीकाराम वाग्लेका लेखहरू समावेश छन् ।




प्रा. कपिल अज्ञातले सम्झनाका बिम्बहरू : एक विवेचनात्मक दृष्टि शीर्षकमा पञ्चायती मण्डलेहरूले पल्टाएका ढुङ्गामुढा र प्रहरी प्रशासनले चलाएका गोलीकाण्डमा पङ्क्तिकार पनि झण्डै झण्डै सिद्धिनबाट जोगिएको थियो । हुइँकिएर गएका गोलीका हावाको स्पर्श सम्झना अहिले पनि आङ सिरिङ हुन्छ । अहिले सामाजिक विकृति बिसङ्गतिका अनेकौं दुर्गन्ध बेहोर्नु परे पनि मर्नुभन्दा बाँच्नुमै मलाई देख्दछु भनेका छन् । खगेन्द्र गिरि कोपिलाले विश्वप्रेम अधिकारीज्यूलाई पहिलोपल्ट कुश्मामा भेट्दा मलाई लागेन कि यो पहिलो भेट हो । पिता तुल्य हुनु भए पनि आफ्नो मित्रजस्तै ठानेर निसङ्कोच स्नेह दिनु भो ।

खत्री कमलले मेरो नजर टिमुरको झोल कथासङ्ग्रह शीर्षक बनाएर टिमुरको झोल कथासङ्ग्रहमा सङ्गृहीत टिमुरको झोल, स्वर्ग र पितृ, सुवेदारकी छोरी र पूजारी कान्छो शीर्षक कथाका संरचनागत तत्वहरू बीचको सम्बन्धलाई केलाउँदा यी कथाहरू कथाकार अधिकारीका अर्थपूर्ण सिर्जनाका रूपमा देखिएका छन् । यी कथामा निर्मित कथानक कार्यकारण शृङ्खलामा आबद्ध भएको क्रियाकलापहरूमा चरित्र, भाव र बिचारको सचेत प्रत्यारोपण गरिएको देखिन्छ भनेर लेखेका छन् । प्रा.डा. गोविन्दराज भट्टराईले पश्चिमाञ्चल पहाडको सांस्कृतिक सुगन्ध अन्वेषक स्रष्टा श्री विश्वप्रेम अधिकारीप्रति शीर्षक बनाएर उहाँका कविताका तिनै सङ्ग्रह पढे । सम्वत् २०३२ मा काराबास जीवन भोगेका बेला रचेका बन्दीको मनस्थिति (लघुकाव्य) धेरै पछि २०४९ मा मात्र प्रकाशित भएछ । अझ २०१७ देखि रच्न र प्रकाशन गर्न थाल्ने विश्वप्रेमज्यूलाई जीवनले र देशको प्रतिकुलताले २०४९ मा मात्रै कृति निकाल्न समर्थवान् बनाएछ भनेका छन् ।

टीकाराम वाग्लेले विश्वप्रेमजी : मेरो आँखीझ्यालबाट हेर्दा शीर्षकभित्र विश्वप्रेम नामधारी व्यक्तिलाई म व्यक्तिरूपमा होइन अपितु एउटा प्रवृत्ति र संस्कारका रूपमा व्याख्यायित गर्न चाहन्छु भनेका छन् । उपप्रा.डा.टंकप्रसाद पन्थले विश्वप्रेम अधिकारी नेपाली भाषासाहित्यको क्षेत्रमा एक बहुआयामिक व्यक्तित्वका रूपमा परिचित छन् । २००३ सालमा स्याङ्जाको राङखोलामा जन्मेका अधिकारीले जीवनका धेरै उतारचढाव भोगेका छन् भनेर लेखेका छन् । नवराज रिजालले साहित्य जीवनको बाटो हुनुको साथै खन्ने औजार पनि हो । यसले सग्लो इतिहास बोकेको हुन्छ भनेका छन् । डा.नेत्रप्रसाद न्यौपानेले खाउँखाउँ लाउँलाउँकै उमेरमा जेल पर्नाले म पात्रका (सर्जकका) सबै आशाभरोसा चकनाचुर भएका छन् भनेर लेखेका छन् । महानन्द ढकालले कहिल्यै सुस्ताउन जानेको छैन आँधीले । कसैलाई सुस्ताउन दिएको छैन आँधीले । जोस, जाँगर र उत्साह छ पानीका कणकणमा भनेका छन् ।

उपप्रा. बाबुकुमार सिग्देलले विश्वप्रेम गुरूप्रति केही शब्द पुष्प लेखेका छन् । भगवती अर्याल पाण्डेले बन्दीको मनस्थितिभित्र अधिकारीको स्थिति शीर्षकमा विश्वप्रेमलाई सम्झेकी छिन् । पाल्पाका राम ज्ञवालीले आँधीखोला सेरोफेरोका लोकसंस्कृति र लोकगीत सङ्कलन गरेर खोज, सङ्कलक तथा अनुसन्धानकर्ता व्यक्तित्वका रूपमा विश्वप्रेम अधिकारी चिनिएका छन् भनेका छन् । सिर्जनाको टाकुरामा अविचलित धरोहर शीर्षक बनाएर लक्ष्मण वियोगीले उनका बारेमा लेखेका छन् । सहप्रा.डा. थानेश्वर अर्यालले आँधीखोले लोकसाहित्य : प्रस्तुति र विश्लेषणको अध्ययन शीर्षकभित्र लोकसाहित्य सिङ्गो लोकसंस्कृतिको एउटा महत्वपूर्ण अङ्ग हो । यो कलाकार र रचनाकारका अनुभूतिमा रचिन्छ भनेर लेखेका छन् । युवराज पौडेलले सिर्जनात्मक कर्म गर्ने क्षमता र रहर सबैमा हुदैन । भए पनि निरन्तरता कमैमा हुन्छ भनेका छन् । सहप्रा.डा.बासुदेव भण्डारी, प्रा.डा.विष्णुप्रसाद पौडेल, शशि पन्थी, प्रा.डा.शालीग्राम सुवेदी, उपप्रा.डा.शंकरप्रसाद गैरे, सुबोधकुमार अधिकारी, बिजयसागर, प्रा.हुमकान्त पाण्डेले पनि यस स्मृतिग्रन्थभित्र कथाकार विश्वप्रेम अधिकारीको बारेमा लेखेका छन् ।

पूर्णप्रसाद अधिकारीले २०२८ सालमा पहिलोपटक पुतलीबजारको रात्रीबसाइको दुःखद स्मृति पनि सस्मरणको तरङ्गमा छन् । मेरो विद्यार्थी जीवनमा स्याङ्जाली मित्र नेत्रप्रसाद रेग्मीको सहयोग आफैंमा अविस्मरणीय छ भनेर लेखेका छन् । प्रा.केपी अर्यालले शुभकामना लेखेका छन् । डा.मेघराज ढकालले विश्वप्रेम अधिकारीका कवितामा विकासका सन्देश शीर्षक बनाएर लेख लेखेका छन् । वनमाली निराकरले साहित्यका अथक योद्धाः विश्वप्रेम अधिकारी शीर्षक बनाएर विश्वप्रेम अधिकारीलाई मैले वनारसमा भेटेको हुँ भनेका छन् ।

ग्रन्थको नामः द्रष्टा दृष्टिमा स्रष्टा विश्वप्रेम अधिकारी






सम्पादक/प्रकाशक — राजन कार्की
Editor/Publisher — Rajan Karki

सह-सम्पादक : शाश्वत शर्मा
अनलाइन प्रविधि : उत्तम राज
कानुनी सल्लाहकार : शिवप्रसाद सिग्देल
मुख्य व्यवस्थापक : कृष्णकुमार कार्की
व्यवस्थापक : दिलकुमार कार्की
मुद्रण : तारा प्रिन्टर्स, कलंकी

गोरखा एक्सप्रेस साप्ताहिक
कामपा १४, कलंकी, काठमाडौं
मो. : ९८५१०२७०८९ फोन : ४३१२०८४
E-mail : rajan2012karki@yahoo.com
nepaltod@gmail.com
Online : www//nepaltoday.com.np




## राष्ट्र र राष्ट्रियता नै संकटमा पर्नु गम्भीर विषय हो

चरम भ्रष्टाचार, कुशासन र राजनीतिको अपराधिकरणका कारणले बहुदल र लोकतान्त्रिक गणतन्त्र असफल भयो । पद्धति पञ्चायत पनि खराव थिएन, बहुदल र लोकतन्त्र पनि खराव होइनन् । खरावी शेरबहादुर देउवा, केपी ओली, प्रचण्ड, माधवकुमार नेपालजस्ता नेताहरूको सोचमा थियो । देशमा परिवर्तनका बाहक बने, परिवर्तनलाई जनताको जीवनपद्धतिमा उतार्नै सकेनन् । परिवर्तन आफू र आफन्तवादमा, लाभ र लोभमा ल्याए । भ्रष्टाचार संस्थागत हुनगयो र देश नै डिप्रेसनमा पुग्यो । विश्व डिजिटलाइजेसनमा पुगेको पुराना नेताहरूलाई पत्तै भएन । यसैको प्रतिफल हो, सामाजिक सञ्जालमाथिको प्रतिवन्ध, कुशासन र नेपोटिजमको बिगबिगी । समयको आहट सुन्न सकिएन भने पछि परिन्छ भन्ने नबुझ्दा परिवर्तन व्यक्तिगत स्वार्थ र परिवारवादमा सिमित हुनपुग्यो । नागरिकले पाउनैपर्ने हक, अधिकार र स्वतन्त्रताबारे चेतनापूर्ण हुनसकेनन् । नयाँ पुस्ताको आवाज के हो ? उनीहरू के चाहन्छन् ? भन्ने बुझ्न सकेनन् । उल्टै उनीहरूलाई सकसमा पार्ने कार्य भयो । यही कार्यले लोकतन्त्रमाथि आक्रमण भयो र नयाँपुस्ताले आन्दोलन, बिद्रोह गर्न बाध्य हुनुपर्‍यो । बिद्रोहको ज्वाला दन्किएपछि बुढा पुराना नेताहरूले थाहा पाए कि उनीहरूको संवैधानिक सिर्जना, आफ्ना साम्राज्य खरानी भइसकेको रहेछ । जसरी सम्राट निरो सबै खरानी भएपछि झस्किएका थिए, नेपाली नेताहरू पनि भदौ २३ र २४ गतेपछि झल्यास्स ब्यूँझिन पुगेका थिए । यसरी धृतराष्ट्रकै नयाँ संस्करण हुनपुगे बुढापुराना नेताहरू ।

वर्तमान पुस्ता जे पनि सहन गर्न तैयार छैन । नयाँ पुस्ता के, किन, कसरी, कहाँ भनेर प्रश्न गर्न सक्छ । विश्लेषण गर्न सक्षम छ र आलोचनात्मक सोच विकास गरिसकेको छ । नयाँ पुस्तालाई लाटोगाँडो सम्झनु र आफू राजनीतिक हिरो हुँ, आफूले गरेको जे पनि सही छ भन्ने अहंकार पाल्दा राजनीतिक द्वन्द्व बढेको हो । भदौ २३ र २४ को बिध्वंश प्रायोजित थियो भन्ने बुढा पुराना राजनीतिक दल र नेताहरू अझै हावामा छर्रा हानिरहेका छन् । हावामा गोली दागेर सिकार हुँदैन भन्ने यिनले कहिले बुझ्ने ? तर्साएर तर्सने समय घर्किसक्यो भन्ने स्थापित नेताहरूले बुझ्न सकेनन् । अझै पनि विदेशी योजनामा जेनजी आन्दोलन, बिद्रोह भएको भन्ने तिनको सोच गलत छ । यथार्थमा २३ गतेको जेनजी आन्दोलन युवा आवाज थियो, त्यो आवाज दबाउन राज्यदमन गर्दा बालबालिका मारिए । भोलिपल्टको बिद्रोहले संविधान, संसद, सरकार सबै आँधीले केराबारी सोत्राम पारेझैं पारिदियो । २०६३ को परिवर्तनपछिका १५ सरकारले गरेका सामुहिक मूर्खताका कारणले निम्त्याएको परिणाम थियो । अझै एमालेका ओली र माओवादी परित्याग गरेका प्रचण्ड राजनीतिमै देखिनु समय नबुझ्नु हो । नयाँ पुस्ताको भाषा, माग, आवश्यकता र राजनीति यिनले बुझ्न सकेनन् । बुढापुरानाले गर्न इच्छाशक्ति राखेको भए धेरै गर्नसक्थे, तिनीहरूबाट कुनै चमत्कार हुनेवाला छैन । तिनीहरूप्रति जनताले आशक्ति राख्नु दिवासपना मात्र हुनेछ । समय परिवर्तनको छ, नयाँको छ । नयाँ विचार, नयाँ उर्जा, नयाँ सोच र उत्साहले मात्र देशवाद उचाल्न सक्छ । देश बोक्न बुढो काँध होइन, जवान काँध चाहिन्छ । जति युवा देखिएका छन्, उनीहरू आशालाग्दा र सक्षम छन् । यिनै युवाले फागुन २१ पछि इमान, जवाफदेही र नैतिकताले राष्ट्रिय संकट टार्नेछन् ।

# चुनावले राष्ट्रका द्वन्द्व घट्ला कि बढ्ला ?




राष्ट्रको अस्तित्व र अस्मिता संकटमा छ । राष्ट्रिय द्वन्द्वहरू समाधान गरेर शान्ति र समुन्नतिको वातावरण बनाउँछु भन्नेहरूले २० वर्षमा माखो पनि मारेनन् । देश आर्थिक रूपमा तन्नम, सांस्कृतिक, धार्मिक, सामाजिक रूपमा कमजोर र राजनीतिक रूपमा भ्रष्ट र दण्डहीन हुनपुगेको छ । यो अवस्थाका कारणले विश्वले नेपाललाई फ्रडहरूको देश भनेर बदनाम गर्न थालिसकेको छ । त्यसै पनि नेपाल ग्रेलिष्टमा परिसकेको छ, यो अवस्था सुधार्न सकिएन भने एकाध वर्षमै नेपाल ब्ल्याकलिष्टेड हुनेछ । यो हुनु भनेको नेपाल असफल राष्ट्र हुनु हो, यो कुराको हेक्का पुरानाले राखेनन् ।

समस्या बढ्दो र बल्झदो छ । यस्तो स्थितिमा सबैभन्दा पहिलो काम राजनीतिक शक्तिहरूबीच राष्ट्रिय सहमति खोज्नुपर्ने थियो । जेनजी आन्दोलनपछि हठात् फागुन २१ को चुनाव घोषणा गरियो । चुनाव हुनैपर्थ्यो, हुनुपर्छ । तर चुनावलेमात्र राष्ट्रिय संकटका गाँठाहरू फुक्दैनन् । जसरी लोकतान्त्रिक गणतन्त्रको २० वर्षमा राजनीतिक द्वन्द्व बढ्दै गयो । राजनीतिक नेतृत्वको सामुहिक प्रयास हुनसकेन र गत भदौ २३ र २४ को परिणाम देखियो । अझै पनि राजनीतिक सहमति गरिएन भने यो चुनावले पनि असन्तुष्टिलाई संवोधन गर्न सक्नेछैन । हामीले खोजेको राजनीतिक शक्तिहरूको सहमतिमा राजनीतिक मार्गको खोजी हो । अन्यौल छँदै थियो, चुनावले पनि अन्यौल फार्न सक्दैन भने चुनावको अर्थ र औचित्य कसरी सावित हुनसक्ला र ?

यसै सन्दर्भमा फागुन ७ गते प्रजातन्त्र दिवसको अवसरमा पूर्वराजाले सन्देश जारी गर्दै फागुन २१ को चुनावले देशलाई निकास नदिने भएकाले पहिलेसमझदारी र सहकार्यको राष्ट्रिय सहमति गर्न सुझाव दिएका छन् । पूर्वराजाकै शब्दमा- 'राष्ट्रिय समस्याको समाधान गरेर मात्र आसन्न निर्वाचन प्रक्रियातर्फ जानु उचित हुन्छ । निर्वाचनपछि कुनै द्वन्द्व, अशान्ति र खिचातानी नहोस् भन्ने विषयलाई ध्यानमा राखेर राष्ट्रिय सहमति र सबैलाई समेटेर जाने सहमतिका साथ निर्वाचनमा जाँदा नै त्यसले सही बाटो समात्ने थियो ।'

केही कांग्रेस, एमाले, नेकपाका नेताहरूले यो सुझाव असान्दर्भिक भन्दै प्राथमिकता चुनाव नै हो, यो चुनाव विशिष्ट अवस्थामा हुनलागेको छ । यो चुनावले संविधान र लोकतन्त्तलाई ट्र्याकमा ल्याउने तथा चुनावपछि संविधान संशोधनमा जानसकिने दावी पनि गरेका छन् । तर उनीहरूले चुनावले देशका समस्याको निकास नदिने भए पनि जेनजी आन्दोलनलाई संवोधन गर्न पनि चुनाव अनिवार्य छ भनेका छन् । नेकपाले प्रस्ताव ढिला आएको भनेका छन् ।

०४६ सालको परिवर्तनपछि पटक पटक चुनाव भएका छन् । बहुदलले निकास दिन सकेन, २०६३ को जनआन्दोलन भयो र दुईपल्ट संविधानसभाको निर्वाचन पनि भएकै हो । द्वन्द्व व्यवस्थापन हुनसकेन । संविधान जारी भएपछि पनि ०७४ र ०७९ दुईपल्ट चुनाव भएकै हो । राष्ट्रिय समस्याको समाधान हुनसकेन, संविधान र लोकतन्त्र दुबै असफल हुनपुगे । त्यसैको परिणाम हो गत भदौ २३ र २४ को जेनजी आन्दोलन । जेनजी आन्दोलनपछिको विशिष्ट अवस्थामा फागुन २१ को चुनाव हुन आँटेको हो । निश्चित रूपमा यो चुनावले राष्ट्रिय मुद्दाहरूको किनारा लगाउन सक्नेछैन, द्वन्द्व व्यवस्थापन गर्न सक्दैन । यसकारण पूर्वराजाले राजनीतिक शक्तिहरूवीच संवाद, सहमति र सहकार्य गरेर चुनावमा जान सुझाव दिएको हो । ३ दिनभित्रै सबै दलले सहमति गर्न सके यही चुनाव पनि निकास बन्नसक्छ ।

नेपालको राजनीतिका बारेमा भारतका प्रधानमन्त्री नरेन्द्र मोदी, चीनका राष्ट्रपति सीचिनफिङ, अमेरिकाले समेत चासो राखेका छन्, चिन्ता प्रकट गरेका छन् । हालै बंगलादेशमा भएको चुनावमा चीन र भारतको पराजय भएको भन्ने अर्थमा नेपालमा पनि अमेरिकी लविले चुनाव जित्नेछन्, राष्ट्रिय समस्या समाधान हुन सक्नेछैन भन्ने विश्लेषकहरूको एकोहोरो राय सार्वजनिक भएको देखिन्छ ।

निश्चित रूपमा अमेरिका कम्युनिष्ट बिरोधी हो । विश्व राजनीति र कूटनीतिमा प्रजातान्त्रिक ध्रुवको अगुवाई लिएकाले पनि अमेरिका नेपालको रणनीतिक भूभागमा प्रजातान्त्रिक शक्तिको विजय र कम्युनिष्टको पराजय चाहनु स्वभाविक हो । तर सिधै कुनै पनि विश्वशक्तिले नेपाली राजनीतिमा हस्तक्षेप गरेको देखिदैन । नेपालका कुनै पनि पार्टी वा नेता कुनै न कुनै विदेशी मुलुकसँग जोडिएकै छन् । यसकारण एकदोस्रो नेतावीच आरोप प्रत्यारोप चलिरहेकै छ । चुनावी प्रचार प्रसारमा नीति, सिद्धान्त, कार्यक्रम कम, व्यक्ति आलोचना र घृणा फैलाउने कार्य बढी भएको देखिन्छ ।

फागुन २१ को चुनावमा कतै विकासको सपना बाँड्ने, कतै धर्मको कुरा गर्ने, कतै जाति, लिङ्ग, भाषाभेषका कुरा पनि उठाइएका छन् । सबैभन्दा बढी सुकुमवासीलाई आशा देखाउने कार्य पनि भइरहेका छन् । कुन दलले के के काम गर्ने भन्ने खाका कसैले पेश गर्न सकेको छैन । पुराना दलले कि काम गर्न सकेनन्, जनतामा ती दलप्रति निराशा बढ्यो भन्ने पनि समीक्षा भएको छैन, नयाँ दलप्रति किन युवा आकर्षण बढेको हो, नयाँ परिवर्तनका बाहक नै हुन् त भन्ने पनि प्रष्ट छैन ।

कोइरालाले आफू हिन्दुवादका पक्षमा भएको पुन: खुलासा गरेका छन् । देउवाका प्रतिस्पर्धी मानिएका डा.शेखर कोइरालाले पनि आफू हिन्दुवादी भएको भनेका छन् । खासगरी प्रतिस्पर्धा पुराना दल कांग्रेस, एमाले, नेकपा र नयाँ राष्ट्रिय स्वतन्त्र पार्टीवीच नै प्रतिस्पर्धा हुने देखिन्छ । केही हप्ताअघि सिङ्गो मुलुकभरि रास्वपाको लहर थियो, अहिले कांग्रेस, एमाले र नेकपाको सभामा पनि जनताको भीड देख्न थालिएको छ ।

यसपल्ट कुनै दलले कुनै दलसँग घोषित गठबन्धन नगरेकाले पनि फागुन २१ को चुनाव आकर्षक हुने देखिन्छ । सरकारले स्वच्छ, स्वस्थ र स्वतन्त्र चुनावका लागि सुरक्षा व्यवस्था कडा पारेको र निर्वाचन आयोगले पनि आचारसंहितामा कडाइ गरेकाले चुनावी परिणाम जनताले चाहेजस्तै आउने अनुमान गरिएको छ । त्यसमाथि अन्तर्राष्ट्रिय पर्यवेक्षण पनि हुनेभएको छ ।

पुराना दलका केही भ्रष्ट अनुहारहरू जनघृणा बोकेर चुनावमा होमिएका छन् भने नयाँ दलहरू परिवर्तनको एजेण्डा बनेर अघि सरेका छन् ।

निश्चित रूपमा यो चुनावले राष्ट्रिय मुद्दाहरूमा निकास दिँदैन । राजनीतिक स्थिरता र सुशासन ल्याउँने सवालमा पनि शंका छ । यसकारण पूर्वराजाले सबै राजनीतिक शक्तिसँग संवाद र सहमतिका साथ चुनावमा जान गरेको आग्रह अर्थपूर्ण मानिएको छ । बहुदलपछि ३० र लोकतन्त्रमा १५ सरकार बने । कुनै सरकार सफल हुनसकेनन् । ती सरकार चलाउने पुराना पार्टी र अब परिवर्तनको आँधी आयो भन्ने नयाँहरू चुनावी प्रतिस्पर्धामा छन् । जनताको अन्तिम निर्णय फागुन २१ मा आउने छ । जनताको चाहना व्यालेटबाट प्रष्टिनेछ ।

पुराना दलहरू आत्तिएको देखिन्छ । रास्वपाले घोषणा गरेको भावी प्रधानमन्त्री बालेन साहमाथि नागरिकताको मुद्दा उछालेका छन् । अध्यक्ष रवि लामिछानेमाथि सरकारले सम्पत्ति सुद्धिकरणको मुद्दा फिर्ता लिनुलाई गलत भनेका छन् । के सही, के गलत, यसको फैसला फागुन २१ को जनादेशले गर्ने निश्चित छ । जनता उत्साहित छन् । विश्लेषकहरू भन्छन्- चुनाव भयो भने पनि कुनै दलले बहुमत ल्याउन सक्नेछैन । फेरिपनि मिलिजुली सरकार नै बन्ने हो । त्यस्तो सरकारले राजनीतिक स्थिरता र सुशासन दिन सक्नेछैन । सुद्धिकरण आउन्न । तर रास्वपा भन्छ- दुई तिहाई हामी नै ल्याउँछौं, काम गरेर देखाउँछौं । को को मिल्ने हो मिल, अन्तिम अवसर हो यो । फागुन २१ पछि लोकतन्त्र आउँछ, यही परिवर्तनले विकासको गति बढाउँछ । जंगली शासनको अन्त्य हामी गर्छौं ।

रास्वपाप्रति जनताले देखाएको उत्सुकताबाट पुराना दलहरू कांग्रेस, एमाले र नेकपा डराएको अनुभूति भइसकेको छ । कसरी रास्वपालाई ठेगान लगाउने भनेर सार्वजनिक बहसदेखि नागरिकता र सहकारी ठगीका सवालहरू उठाएका छन् । तथापि जनताको झुकाव पुरानापट्टी कमजोर देखिन्छ ।

चुनाव होला, नयाँ सरकार पनि बन्ला । त्यो सरकारले जेनजीले जलाएको संविधान कसरी बचाउँछ ? संविधान सुधार कसरी गर्छ ? अहिले नै प्रश्न छ- यो चुनाव कुन संविधानमा टेकेर भइरहेको छ ? अन्तरिम सरकारको बैधानिकता के हो ? यी सवालमा अदालतमा मुद्दा परेको छ, अदालतले फागुन २१ को चुनावलाई मार्ग प्रशस्त गर्ने नीति लिएको देखिन्छ ।

हो, त्यो बैधानिकता पूर्वराजाले भनेझैं सबै राजनीतिक शक्तिहरूवीचको सहमति र सहकार्यबाट अगाढि बढ्न सके, चुनाव र चुनावी परिवर्तनले सार्थकता पाउला । अन्यथा 'झिक गाँड भन्दा थप गाँड' भनेझैं देशमा संकट गहिरिँदै जानेछ । चुनाव संकटमोचक बन्नेछैन । त्यो अवस्था र नेतृत्व झन सकसपूर्ण हुनेछ ।०६३ सालदेखि ०८२ सालसम्म नेपालको भविष्यको रेखाचित्र 'खाका'सम्म बनाउन नसक्ने नामर्दहरूकै कारण सौभाग्य बन्नुपर्ने यिनको व्यक्तित्व दुर्भाग्यमा बदलिन पुगेको छ । ७६ जनाको हत्या र राष्ट्रिय सम्पदा खरानी भइसकेको छ ।

थप नोक्सान बेहोर्नसक्ने ताकत नेपाल र नेपालीमा छैन । नेपालको अस्तित्व र पहिचान संकटमा परेको देखेरै पूर्वराजाले समाधानको मार्गचित्र दिएको हुनुपर्छ ।

६ दशक अघि भारतले नेपालमाथि डरलाग्दो हस्तक्षेप गरेर सैनिक मार्च गर्नसक्ने अवस्था देखिएपछि चाउएनलाईले भनेका थिए- नेपालसँग रगतको सम्बन्ध छ, यदि कुनै विदेशीले नेपालमाथि हमला गर्छ भने त्यो चीनमाथि गरेको हमला सम्झिइने छ । चीन सधैं सर्वाभौमसत्ता सम्पन्न नेपालको पक्षमा उभिने छ । राष्ट्रपति सी चिनफिङले ७ वर्ष अघि नेपाल आएर नेपाललाई आइपर्ने कुनै पनि विदेशी खतराको मुकाविला गर्ने ढाल बनेर गएका थिए । सीले नै नेपाललाई भूपरिबेष्ठित भएर बस्नु पर्दैन, भूजडित देश बनाउन हामी मद्दत गर्छौं भनेर सहयोग गरेका थिए । त्यसपछि नेपालमा कम्युनिष्टको शासन सत्ता बनिरह्यो र तिनले समदूरीको नीति स्थापित गर्नै सकेनन् जसले पश्चिमा र दक्षिणलाई सधैं सशंकित पारिरह्यो । अब त पश्चिमा पनि नेपालमा उपस्थित भइसकेको छ । नेपालको कमजोर हात कसैले थाम्ने छैन । बुद्धि र अक्किल, चनाखोपन जरूरी छ । यसकारण पूर्वराजाले चेतपूर्ण सन्देश दिएका हुन् । राजाको सन्देशलाई मनन गरौं ।






# नेपाल सौन्दर्य, पीडा र अनुत्तरित रहस्य





विश्लेषण

नारायणप्रसाद मिश्र

जब म एक्लै बस्दा आफनो मुलुक र जनता बारे बिचार गर्न थाल्छु मेरो मनमा थरी थरीका कुरा आउछ । उच्च उच्च हरिया डाँडाकाडा, पहाड, पर्वत, त्यस्तै उच्च उच्च अनगिन्ति हिमश्रृंङ्खलाहरू, साधारणत: सूर्य उदाउने बितिक्कै सदा जस्तै उज्यालो रमाइलो आकाश, न अति गर्मी न अति जाडोको मौसम, बिना कुलो नहर पनि कतिपय उब्जाउको जमीन साथै मनमुघ्द गर्ने काठ र ढुङ्गाका कलाकृतिपूर्ण ऐतिहासिक मठ, मान्दिर, दरबारहरू देख्दा मलाई अनौथो र आनन्द लाग्छ । तर जव देख्छु म बहुसंख्यक जनताको असहय गरीबीता, गाँसबास, कपास, औषधोपचार र राम्रो शिक्षा दीक्षाको समस्या, जतातटै अब्यवस्था, अत्याचार, भ्रष्टाचार, थिचोमिचो र पहुँचवालाको मात्र बोलवाला र सुख, सुबिधा, मलाई अनि दिक्क दिकदार, दु:ख पीडा लाग्छ । जब मुलुकको केही दशकको इतिहास फर्केर हेर्छु, सम्झिन्छु बा पढछु मलाई लाग्छ यो देश यस्तै भई हिडेको छ । चलेको छ । म जस्तै खुशी र पीडा मनमा राखी सबैले यहाँ जीवन बिताएका छन् । यस्तै यस्तै बिचार गर्दागर्दै मेरी प्रिय श्रीमती शान्ति मिश्र, मेरा वाबु आमा, दाजु, भाउजु, दिदी, भिना, बन्धुबान्धब, इष्टमित्र, साथीभाइ कतिपय अर्कै लोक गइसकेका छन् । केही समय र वर्ष पछि म पनि यस्तै गरी यो मुलुकबाट बिदा लिन्छु । हाम्रो जीवन यो मुलुकमा यस्तै गरी सिद्धिन्छ ।

धेरै कुराको सन्दर्भमा विचार गरिदा मलाई हाम्रो मुलुक र मुलुकवासी एक किसिमले रहस्यमय पनि लाग्दछ । अरू एशिया र युरोपका कतिपय मुलुकको तुलनामा हाम्रो बिकासको गति अति कम, अब्यवस्था र अत्याचार अति बढी, सरकार सदा आफ्नै दल र समूह स्वार्थमा केन्द्रीत तर जनता अति सहनशील र अन्याय र अत्याचार सहन अति निपूण देखिन्छन् । यो पनि एक किसिमको रहस्य नै हो ।

देशको लागि प्राप्त सहयोग रकम देश र जनताको कल्याणको लागि प्रयोग नगरी आफू, आफनै परिवार, आफ्नै समूह, दलको लागि भ्रष्टाचार र दुरूपयोग गर्ने कुनै पनि मुलुक र सो मुलुकको सरकारलाई कुनै पनि किसिमले समर्थन र सहयोग नगर्ने सवै सहयोगी मुलुकहरूको एक किसिमको घोषित नीति देखिन्छ । नेपालमा असह्य अनगिन्ति भ्रष्टाचार भइरहेको कुरा ट्रान्सपरेन्सी इण्टरनेशनल जस्तो संस्थाले औल्याए पनि बा भूटानी शरणार्थी भ्रष्टाचार काण्ड जस्तो थरी थरीका धेरै धेरै भ्रष्टाचार काण्डहरू हाम्रै पत्रपत्रिका, अखवारहरूले बाहिर ल्याएपनि यो मुलुकको कुनै पनि भ्रष्ट सरकारले पनि उस्तै सहयोग पाइरहेको हामी सबैलाई अनुभव छ । यसमा सुधारको लागि कुनै पनि मुलुकको सभ्य सरकारले दबाव दिएको देखिन्दैन । यो पनि यो मुलुकको रहस्यनै हो । यसको कारण के होला ? बुझ्न सजिलो छैन ।

२०८२ भाद्र १५ गते अगाडि सम्म हाम्रो मुलुकमा झण्डै झण्डै दुईतिहाईको नेपाल कम्युनिष्ट पार्टी (एमाले) र नेपाली कांग्रेस पार्टीको सरकार थियो । गत २०८२ भाद्र २३ र २४ का दिन जिन्दगीमा धेरैले सोचे भन्दा धेरै बढी अकस्मात अकल्पित अनौठो आन्दोलन भयो । अब्यवस्था, अन्याय, अत्याचार, भ्रष्टाचार, प्रजातन्त्र नभई दलीयतन्त्र र दलीय तानासाही बिरूद्ध मात्र होइन षड्यत्रपूर्ण तरिकाले जनइच्छा बिरूद्ध मुलुकमा लादिएको सम्विधान र व्यवस्था बिरूद्ध यो बिद्रोह भएको भन्ने धेरैले सम्झे । मुलुकमा ७५ जना भन्दा बढि सहीद भएको, मुलुक र जन कल्याणको लागि हुनैनहुने सिंहदरवार, सभागृह, न्यायालय लगायत सरकारी कार्यालय भवनहरू र अन्य निजी भवनहरू समेत जली जलाई नच्ट (नष्ट) भएको भएपनि यसबाट ठूलो परिवर्तन आई मुलुकमा जनकल्याणकारी व्यवस्था मुलुकमा स्थापना हुन जाने आशा धेरैमा हुन गयो ।

तर हाल मुलुकमा देखिएको परिस्थिति हेर्दा यो विद्रोह कस्ले गराएँ ? कसले गरे ? यसको पछाडि को को थिए ? यसको उद्देश्य र अभिप्राय के के थिएँ ? यो मुलुक र जनताको भलाइको लागि भएको होकि ? मुलुक र जनताको कुभलो लागि भएको ? भन्ने समेत अस्पष्ट र रहस्यपूर्ण हुन गएको देखिन्छ । हाम्रो इतिहासको कोतपर्व, भण्डारखाल पर्व र राजा वीरेन्द्र र राज परिवारको हत्या काण्ड भन्दा यो रहस्यमय हुनगएको म महसूस गर्छु । यी सबै कुराहरू र अन्य कतिपय यस्तै घटनाहरू सम्झिदा हाम्रो मुलुक एक अकल्पित रहस्यमय मुलुक नै हो कि ? भन्ने मलाई लाग्छ । यसैले यी सबै रहस्यको सन्दर्भमा आगामी चुनाबमा पनि यहाँका जनताले सबभन्दा भ्रष्ट, अब्यवस्थाको नाइके दलाल लाईनै सत्तामा पुऱ्याए भने अनौठो मान्नु पर्दैन ।

narayanshanti70@gmail .com

# शेयर बजारमा चुनावी नतिजाले ल्याउला बहार ?

रिसव गौतम



भदौ २३-२४ को जेनजी आन्दोलनले निम्त्याएको अकन्टक परिस्थीतिमाझ आसन्न निर्वाचन ढोकैमा आइपुगेको छ । निर्वाचनको उत्सबले देश धपक्कै बलेको छ । निर्वाचन हुदैन, कसरी होला र? भन्नेहरू पनि अब त पक्का हुन्छ भनेर भोट हाल्ने सुरसार कस्दैछन् । पार्टी र मतदाताको अडिट गर्दैछन् र कसलाई भोट दिने निर्णय प्रक्रिया अगाडी बढाइरहेका छन् । यसै सन्र्दभमा पर्ख र हेरको अवस्था रहेको शेयर बजारले निर्वाचन र त्यसको परिणामलाई खास रूपमा नियालीरहेको छ । के निर्वाचन संघारमै आउँदा र सम्पन्न हुनैलाग्दा शेयर बजारमा त्यसले कस्तो परिस्थीति ल्याउला ? बसन्तको बहार शेयर बजारमा पनि आउला त ? धेरैको आशा र विश्वास निर्वाचनले शेयर बजारमा बहार ल्याउने छ ।

फागुन २१ मा हुन लागेको चुनाबमा निर्वाचन आयोगका अनुसार १ करोड ८९ लाख ३ हजार ६८९ मतदाता छन् । आयोगमा सुचित मतदातामध्ये पनि कति विदेशमा छन् सरकारसँग त्यो तथ्यांक छैन । तर भनिन्छ विदेशमा कम्तिमा ८० लाख नेपाली रहेको अनौपचारिक तथ्याकं छ । भारत बाहेकका देशमा ४० लाख नेपाली रहेको परराष्ट्र मन्त्रालय सम्बद्ध स्रोतको भनाइ रहँदै आएको छ । जसले शेयर बजारलाई प्रत्यक्ष प्रभाव पार्ने कुरा नर्कान सकिन्न ।

### राजनीति र शेयर बजार

गत बर्ष अन्तर्राष्ट्रिय क्षेत्रमै तरङ्ग ल्याउने घटनाका रूपमा अमेरिकी राष्ट्रपति निर्वाचनमा डोनाल्ड ट्रम्पको पुनरोदय भयो । दोहोर्याएर चुनाब नजिताउने एक सय ३० वर्षे अमेरिकी इतिहासलाई ब्रेक्र गर्दै डोनाल्ड ट्रम्प दोस्रो कार्यकालका लागि विजयी भए । जसले अमेरिकी शेयर बजारमा ठुलो उछाल ल्यायो ।

अमेरिकी मात्र होइन, युरोप र एसियाका कतिपय देशको शेयर बजारमा समेत ट्रम्प उदयले सकारात्मक प्रभाव परेको अन्तर्राष्ट्रिय सञ्चार माध्यमले जनाएका थिए । त्यतिमात्र होइन, अमेरिकी राष्ट्रपतिमा ट्रम्पको उदयसँगै डलर र विट क्वाइनले नयाँ रेकर्ड कायम गरेको थियो । सन् २०२४ जुलाईमा भएको भारतीय लोकसभा निर्वाचनको परिणामले नरेन्द्र मोदी प्रधानमन्त्री हुने देखिएपछि त्यहाँको शेयर बजारले उचाइ भरेको थियो । बम्बइ स्टक एक्चेन्ज ( बीएसई) सेन्सेक्सले अल टाइम हाई बनाएको थियो । त्यसैगरी नेशनल स्टक एक्सचेन्जको निफटीले पनि उचाई भरेको थियो । लोकसभाको निर्वाचन परिणाम आएको दोश्रो दिन सेन्सेक्स १६१८ अंकले बृद्धि भएर ७६,६९३ विन्दुमा बन्द भयो । एसएसई निफ्टीले ४६८ अंकले बढेको थियो ।

नेपाली शेयर बजारले पनि आसन्न निर्वाचनबाट त्यही खालको परिवर्तन खोजेको छ । किनकी दलहरूको घोषणापत्रले नै शेयर बजारलाई अर्न्तराष्ट्रिय स्तरमा लैजाने कुरा छिपाएका छैनन् । फेरी शेयर बजार प्रति उदार दल नै निर्वाचनबाट उदाउने छनक देखिँदैछ । विगतको निर्वाचनहरूको परिणामले पनि नेपालमा जहिल्यै शेयर बजारमा उछाल ल्याएको थियो । किनकी नेपालीहरू निर्वाचनलाई जहिल्यै परिवर्तनको, आशाको र विकासको सुदिन भित्रने ढोकाको रूपमा लिन्छन् र आशाबादी हुन्छ । वास्तबमा त्यो लोकतन्त्रको सुन्दर अभ्यास मानिने निर्वाचनबाट आउने परिणाले अच्छा दिन आउने सबैको विश्वास हुन्छ । खासगरी नेपालमा अधिकाशं संसदीय निर्वाचनमा शेयर बजार बढेको छ । ०५६ सालमा दुई चरणमा भएको निर्वाचनपछि शेयर बजार ११ प्रतिशतले बढेको थियो । २८ चैत्र २०६४ सालमा भएको संविधानसभा निर्वाचनमा (निर्वाचन अघि र पछि) पनि शेयर बजार १० प्रतिशतले उकालो लागेको थियो । सो निर्वाचनबाट तत्कालिन माओवादी पार्टी पहिलो बनेको थियो । ४ मंसिर २०७० मा भएको दोश्रो संविधानसभा निर्वाचन अघि र पछि गरेर करिव एक महिना शेयर बजारले ४१ प्रतिशतको फराकिलो बृद्धिदर हासिल गरेको थियो । संविधान बनिसकेपछि ०७४ मा अर्को चुनाब भएको थियो । त्यतिबेला माओवादी र एमाले मिलेर गठबन्धन गरी चुनाब लडेका कारण निर्वाचनमा बामपन्थी प्रभाव बजारमा पर्यो । र, ९ प्रतिशत जसो बजार घटेको थियो । त्यसैगरी ०७९ मा मंसीरमा भएको गत निर्वाचनमा काँग्रेस पहिलो पार्टी बनेको थियो । निर्वाचनमा मिश्रित खालको नतिजा आउँदा पनि सामान्य खालको सुधार बजारमा देखिएको थियो ।

राजनीति र शेयर बजारको सम्बन्ध दर्साउने नेपाल, भारत सहित अमेरिकी चुनाव र परिणाम उदाहरण हो । राजनीतिले जहिल्यै शेयर बजारलाई असर गर्ने सम्भावना हुन्छ । यो तथ्य शेयर बजारमा व्यावसायिक हिसाबले लाग्नेहरूलाई मात्र होइन, सामान्य लगानीकर्ताहरूलाई समेत थाहा भइसकेको छ । खासगरी राजनीतिक दलहरू विभिन्न सिद्धान्त बोकर अस्तित्वमा हुन्छन् । जस्तो कि कोही कम्युनिष्ट विचारधारा बोकेर अस्तित्वमा छन् त कोही उदार तथा प्रजातान्त्रिक विचार बोकेका हुन्छन् भने कतिपय दलहरू अलिअलि उदार र अलअलि नियन्त्रित विचारधाराको पक्षपोषक हुन्छन् । त्यसकारण विभिन्न विचारधारा बोकेका राजनीतिक दलहरूले सतहमा गर्ने गतिविधि, राजनीतिक उतारचढाव, सत्ता फेरबदल तथा फेरबदल हुने खालका सङ्केत तथा गतिविधि, त्यस खालका समाचारहरूले शेयर बजारमा प्रभाव पार्दछ । अलगअलग विचारधारा बोकेका राजनीतिक दलहरू सरकारमा हाबी हुँदा उनीहरूले ल्याउने नियमन र कानुनहरूले कम्पनीहरूमा प्रभाव पार्छ । फलत: शेयर बजारमा असर गर्छ । राजनीतिमा हुने अस्थिरताका कारण सरकारको आर्थिक नीति, मौद्रिक नीति, सार्वजनिक खर्च, करको दर, कानुनी व्यवस्थामा फेरबदल आउन सक्छन् । जसको कारण शेयर बजारमा उतारचढावको अवस्था सिर्जना हुन्छ । (आर्थिक विश्लेषक)

# अन्तर्राष्ट्रिय सहयोगको भविष्य

*डेभिड मिलिब्यान्ड-*

सन् २०२५ को जनवरीदेखि अमेरिकाको अन्तर्राष्ट्रिय सहयोग प्रणालीमा उथलपुथल भइसकेको छ । संस्थाहरू बन्द गरिएका छन्, नीतिहरू उल्टापुल्टा पारिएका छन् र बजेट कटौती गरिएको छ । अब अमेरिकी नीतिको भविष्य के हुन्छ, अन्तर्राष्ट्रिय सहयोग प्रणाली कता जान्छ वा संसारका सबैभन्दा गरिबहरूको अवस्था कस्तो बन्छ भन्नेमा स्पष्टता छैन । यति भने निश्चित छ ठूलो पूरा गर्नुपर्ने अन्तर निकै ठूलो छ ।

स्थिति अत्यन्तै गम्भीर छ । विश्व बैंकका अनुसार प्रतिदिन ३ डलरभन्दा कम






आम्दानीमा बाँच्न बाध्य मानिसहरूको तथ्यांक ८३ करोड १० लाख पुगेको छ जुन विश्व जनसंख्याको लगभग १० प्रतिशत हो। संसारका आधाभन्दा धेरै अत्यन्त गरीबहरू अहिले द्वन्द्व पीडित वा अस्थिर देशहरूमा बस्छन् र आउँदो ५ वर्षमा यो अनुपात दुईतिहाइ पुग्ने अनुमान छ । यस्ता देशहरूमा लगभग ४० प्रतिशत जनसंख्या प्रतिदिन ३ डलरभन्दा कममा गुजारा गर्छन् भने अरू विकासशील अर्थतन्त्रहरूमा यो संख्या ६ प्रतिशत जतिमात्र छ ।

यस सन्दर्भमा, मेरो संस्था इन्टर नेसनल रेक्यु कमिटी (आईआरसी)ले सबैभन्दा सहयोग आवश्यक भएका देशहरू पहिचान गर्न तथ्यांक विश्लेषण गऱ्यो । हामीसँग १३ देशको सूची आयो । तीमध्ये उदाहरणका रूपमा सुडान छ जहाँ संसारको सबैभन्दा ठूलो मानवीय संकट चलिरहेको छ । विश्वका २९ प्रतिशत अत्यन्त गरीब यिनै देशमा बस्छन् तर विश्वव्यापी सहयोग बजेटको भने ९ प्रतिशतमात्र त्यहाँ लगानी हुन्छ । यसले लगभग ३५ अर्ब डलरको लगानी अन्तर (फन्डिङ ग्याप) देखाउँछ।

रूसले २०२२ मा पूर्ण आक्रमण गरेपछि युक्रेन विश्वको सबैभन्दा ठूलो सहयोग प्राप्तकर्ता देश भएको छ । युरोपेली देशहरूले पनि आफ्नै देशमा शरणार्थीलाई बसोबास गराउन खर्च गरेको रकमलाई 'वैदेशिक सहयोग' को रूपमा सूचीकृत गर्न थालेका छन् । अहिले यस्तो खर्च विश्व सहयोग रकमको लगभग १४ प्रतिशत बराबर छ अर्थात् लगभग मानवीय सहयोगमा खर्च हुने जति ।त्यसैले अमेरिकाले कटौती नगरेको नै भए पनि सहयोग प्रणालीबारे नयाँ सोच आवश्यक थियो ।

पहिलो - सहयोग सबैभन्दा गरिब ठाउँ र सबैभन्दा विपन्न जनतामा केन्द्रित हुनुपर्छ

विश्व सहयोग बजेटको ९०प्रतिशत अनुदान हो र बाँकी सुलभ ऋण । तर, समस्या के छ भने संसारका ५० प्रतिशत अत्यन्त गरिब द्वन्द्व ग्रस्त देशमा छन् तर विश्व सहयोगको २५ प्रतिशतमात्र त्यहाँ जान्छ । यो असङ्गति हटाउनु आवश्यक छ ।

दोस्रो - तथ्यमा आधारित, कम लागत र प्रभावकारी कार्यक्रममा लगानी

आईआरसीले पूर्वी अफ्रिकामा समुदायमा आधारित खोप अभियान चलायो जहाँ हामीले प्रतिमात्रा २ डलरमात्रमा २ करोडभन्दा बढी खोप पुऱ्यायौं । त्यस्तै, बालबालिकामा गम्भीर कुपोषण उपचारका लागि सरल र एकीकृत विधि प्रस्ताव गरेका छौं । मालीमा २७ हजार ८०० कुपोषित बालबालिकामा गरिएको अध्ययनमा हामीले झन्डै २० प्रतिशत लागत बचायौं । तर यस्ता प्रभावकारी मोडेललाई विश्वभर विस्तार गर्न दातृ राष्ट्रहरूको सोच बदलिनुपर्छ । तिनलाई कमजोर नबनाई नतिजा देखिनेगरी सहयोग प्रवाह हुनुपर्छ ।

तेस्रो - कार्यक्रम, वित्त र सेवा आपूर्तिमा नवप्रवर्तन

आईआरसीले हाल अफ्रिकामा कृत्रिम बौद्धिकता (एआई) प्रयोग गरेर मन्कीपक्सको परीक्षण समय २ साताबाट ५ मिनेटमा झार्दैछ । उस्तै, द्वन्द्व वा प्रकोपले शिक्षा अवरूद्ध भएका बालबालिका लागि एआई ले प्रभावकारी सिकाइ परिणाम ल्याउन सकिने देखिएको छ । नवप्रवर्तनका लागि नयाँ पुँजी आवश्यक हुन्छ । जस्तै बाढी वा सुख्खाजस्ता प्रकृतिजन्य संकटमा तुरून्तै पैसा उपलब्ध गराउने तत्कालिक बिमा (प्यारामेट्रिक इन्सोरेन्स), त्यस्तै, ऋण विनिमय मार्फत वातावरण सुधारका परियोजनामा १.७ अर्ब डलर बराबर काम ७ देशमा भइसकेको छ । यही प्रविधि मानवीय सहयोगमा पनि चाहिन्छ ।

चौथो - नतिजामा आधारित जवाफदेही

वित्तीय लगानी (कति पैसा, कति कर्मचारी, कति तालिम) को सट्टा उपलब्धि (कति सिकाइ उपलब्धि, कति सुरक्षित प्रसूति, कति स्वस्थ नवजात शिशु) प्रति जिम्मेवार बनाइनुपर्छ । स्विडेनले हामीलाई यसरी नै जवाफदेही बनाएको छ । यो मोडेल अरूले पनि अपनाउनु जरूरी छ ।

पाँचौं - विश्व अर्थतन्त्रको आकारअनुसार सहयोगको बोझ बाँडफाँट

विश्व आयमा अमेरिकाको २५ प्रतिशत हिस्सा छ । तर यसले विदेशी सहयोगमा खर्च गर्ने रकम उसको राष्ट्रिय आयको ०.२२ प्रतिशतमात्रै थियो भने अहिलेको कटौतीपछि त अझै घट्नेछ ।

तर फेब्रुअरीमा गरिएको एक सर्वेमा ८९ प्रतिशत अमेरिकीले भने – संघीय बजेटको १ प्रतिशत विदेशी सहयोगमा जानुपर्छ । वास्तविक खर्च पहिले नै लगभग त्यसैको आसपास छ । त्यसैले एउटै प्रतिशत कायम राख्न सक्नु अमेरिकीहरूका लागि एकताकार बन्न सक्छ ।

आजको यथार्थ

- द्वन्द्व ग्रस्त क्षेत्रमा ८० प्रतिशत कुपोषित बालबालिका उपचारविहीन छन्
- मातृ मृत्युमध्ये ६० प्रतिशत अस्थिर देशहरूमा हुन्छ ।
- यिनै देशका ८ करोड ५० लाख बालबालिका विद्यालयबाहिर छन् ।

यी चुनौतीको समाधान अन्तर्राष्ट्रिय सहयोग हो समस्या कायम रहन दिनु होइन।

मानवजातिसँग इतिहासकै सबैभन्दा धेरै साधन छन् । प्रश्न हामी तिनलाई बुद्धिमानीपूर्वक प्रयोग गर्छौं कि गर्दैनौ भन्ने हो ।संघीय बजेटको १ प्रतिशत सहयोगका लागि छुट्याउनु धेरै ठूलो होइन । तर त्यसबाट जीवन बचाउन र विश्वमा स्थिरता ल्याउन सकिन्छ । यो अमेरिकाको आफ्नै हितमा पनि फाइदाजनक हुनेछ । यसैले जति छिटो हुन्छ उति राम्रो हुनेछ । (पूर्व ब्रिटिस परराष्ट्रमन्त्री)

अध्यक्ष तथा प्रमुख कार्यकारी, इन्टरनेसनल रेस्क्यु कमिटी

**In the Context of Democracy Day 2082 Falgun 07 : The Spiral Promotion of Monarchical role of Kingship With reference to my Academic Prospective**

# Exemplary Guardian of the Nepal's Sovereignty: The Shah Dynasty of Nepal

**Prof. Dr. Uttam Karmacharya**
**Advisor, Rastriya Shakti Nepal**



The modern Nepali state was not an inadvertent formation but the result of deliberate vision, sacrifice, and leadership rooted in the Shah dynasty. This article is a reflection on Nepal's present condition marked by political instability, weakened governance, and growing public disillusionment and contrasts it with the historical role played by the monarchy in shaping a unified, sovereign, and culturally grounded nation. By revisiting the origins, evolution, and eventual abolition of the Monarchy, the author contends that the Monarchy was not merely a system of rule, but a unifying national force that consistently prioritized the integrity, independence, and collective identity of Nepal and its people.

**Origins of the Shah Dynasty and the Birth of the Nepali Nation**

The foundation of modern Nepal began with the visionary leadership of Prithvi Narayan Shah, who ascended the throne of kingdom of Gorkha in 1743. At a time while the region was fragmented into numerous competing principalities, Prithvi Narayan Shah recognized that survival in a rapidly changing geopolitical environment required unity. His unification campaign was not driven by conquest alone, but by a strategic understanding of nationhood, sovereignty, and cultural continuity.

The integration of the Kathmandu Valley in 1768 marked the birth of a unified Nepali state. Unification of Nepal also laid the groundwork for Nepali nationalism, transforming local loyalties into a collective national consciousness. This vision was later expressed by Prithvi Narayan Shah in his Dibya Upadesh, where he described Nepal as a *"common garden of all ethnicities"*, emphasizing harmony among diverse communities, mutual respect for cultural differences, and the shared responsibility of all citizens in protecting and nurturing the nation's unity, sovereignty, and independence. This unity enabled Nepal to remain independent during an era when much of South Asia fell under colonial domination. The Shah kings thus emerged not merely as rulers, but as guardians of Nepal's sovereignty.

**Consolidation, Stability, and Early Statecraft**

Following unification, successive Shah monarchs focused on expanding, consolidating territorial integrity, and strengthening central authority. This period until the mid-nineteenth century is characterized by political continuity and stability in a region daubed by external threats and internal divisions. While governance structures were centralized, this system ensured coherence in state policy and defense, allowing Nepal to survive as an independent Himalayan kingdom.

This period also cultivated a strong sense of patriotism rooted in shared history, language, and culture. The monarchy served as a symbolic and practical center of national unity, binding diverse ethnic, linguistic, and regional communities under a single national identity. The Shah dynasty thus functioned as both a political institution and a cultural anchor for the Nepali nation.




**The Rana Interval and the Resilience of the Monarchy (1846–1951)**

The Kot Massacre of 1846 was a turning point fortifying the Rana regime while sidelining the Shah kings from executive power. Although reduced to ceremonial status, the monarchy remained an enduring symbol of legitimacy and national continuity. Even during this period of authoritarian rule by hereditary prime ministers, the Shah institution preserved its moral and historical authority in the public consciousness.

The eventual downfall of the Rana regime in 1951 was made possible largely through the intervention and leadership of King Tribhuvan. His decision to seek asylum in India galvanized both domestic resistance and international support, demonstrating the monarchy's continued role as a protector of popular aspirations. The restoration of royal authority and the introduction of democratic governance reaffirmed the monarchy's alignment with the people rather than entrenched elites.

**From the Panchayat to the Constitutional Monarchy and Democratic Aspirations**

King Mahendra played a pivotal role in reinforcing the foundations of the modern Nepali state during a sensitive phase of post-Rana transition. Ascending the throne in 1955, he prioritized national sovereignty, political stability, and economic self-reliance at a time when Nepal was navigating development aspirations, internal instability, and external pressures. Through administrative reforms, infrastructure development, expansion of education, and a foreign policy grounded in non-alignment, King Mahendra consolidated national unity and protect Nepal's independence. The political and institutional framework he shaped significantly influenced Nepal's later democratic evolution under constitutional monarchy.

The popular movement of 1990 marked another defining moment in Nepal's political evolution. Rather than resisting democratic change, King Birendra accepted constitutional limitations on royal power, transforming Nepal into a constitutional monarchy. This transition reflected the Shah dynasty's adaptability and its willingness to evolve in accordance with the people's demands. As a constitutional monarch, King Birendra embodied national unity above partisan politics. While elected governments managed daily governance, the monarchy served as a stabilizing institution during periods of political turbulence. Even amid the rise of the Maoist insurgency, the monarchy remained a unifying symbol in a deeply polarized society.

**Crisis, Transition, and The Deferred Monarchy**

The tragic royal massacre of 2001 dealt a severe psychological blow to the nation. King Gyanendra ascended the throne under extraordinary circumstances, inheriting a country engulfed in insurgency, political paralysis, and institutional weakness. His decision to assume direct authority in 2005 was framed as an attempt to restore order and safeguard national security, though it proved deeply controversial.

Mass protests in 2006 forced a return to parliamentary governance, and the political momentum shifted decisively against the monarchy. In 2008, the Constituent Assembly formally ended over two centuries of the Shah dynasty. The transformation of Narayanhiti Palace into a museum symbolized the closure of a historic chapter, but not the erasure of the monarchy's legacy.

**King Gyanendra and The Resurgence of the Monarchy**

King Gyanendra Bir Bikram Shah Dev remains often misunderstood figure in Nepal's history. Born in 1947 and educated within Nepal and abroad, he was deeply involved in conservation, culture, and national institutions long before ascending the throne. His early childhood reign during the 1950 crisis and his later reign from 2001 to 2008 reflect the monarchy's repeated role as a stabilizing presence during national emergencies. Despite political opposition, King Gyanendra ultimately complied with the constitutional process that ended the monarchy, leaving the palace peacefully and without resistance. This final act accentuated a consistent historical pattern: the Shah dynasty's prioritization of national stability over personal power.

In recent years, Nepal has witnessed a renewed public discourse calling for the restoration of the monarchy, driven largely by widespread dissatisfaction with political instability, corruption, weak governance, and declining national cohesion under the republican system. Public demonstrations, civil society discussions, and growing engagement on social and digital platforms reflect a nostalgia not merely for royal rule, but for the perceived stability, national unity, cultural continuity, and sovereign confidence associated with the Shah monarchy. For many supporters including Rastriya Shakti Nepal, this resurgence represents a search for an indigenous institution rooted in Nepal's history and identity, one seen as capable of rising above partisan politics and serving once again as a unifying symbol of the nation.

**Conclusion: The Enduring Legacy of the Shah Dynasty**

The Shah dynasty was not merely a ruling family; it was the central pillar in the making of Nepal as a nation. From unification and independence to cultural preservation and political evolution, the monarchy consistently functioned as a unifying force above factional interests. It has fostered patriotism, safeguarded sovereignty, and provided continuity through centuries of change. While Nepal has chosen a republican path, the challenges of instability, fragmented nationalism, and weakened institutions invite renewed reflection on the historical role the monarchy played. Any serious analysis of Nepal's past and its uncertain future remains incomplete without acknowledging the Shah dynasty's foundational contribution to nation-building, national identity, and the enduring idea of Nepal itself.

# Foreign Hands or Homegrown Failure¿

## Why Nepal's crisis is better explained by institutional decay than external conspiracy

**Dr. Alok K. Bohara**

This is a short note prompted by the growing tendency to frame Nepal's current political turmoil primarily through the language of "foreign hands."

Across talk circuits and commentary today, Nepal's unfolding crisis is increasingly being explained through external influence—foreign powers, hidden backers, geopolitical plots. In a tense regional environment, this framing is understandable. But it also risks becoming a convenient shortcut. By looking outward first, it subtly shifts attention away from the harder, less comfortable work Nepal's political parties and institutions have long postponed: internal reform, accountability, and rule-bound governance.

Three collapses in three decades and seven constitutions in as many decades should force us to pause for self-reflection. Add to this nearly thirty changes of government in just as many years. Nepal's democratic century, which began in 1950, has been marked by repeated conflicts, transitions, and crises. Not all of these can be explained—or blamed—by forces from outside. A pattern this persistent points to structural weaknesses at home.

Long before the September Gen-Z uprising, many observers—including myself—had been warning that Nepal was approaching a tipping point. The concern was not foreign interference, but accumulated internal fragility: weak checks and balances, cartel-like party arrangements, politicized constitutional bodies, episodic accountability, and the near absence of credible, nonpartisan civic watchdogs. Together, these produced a system operating at the edge of collapse. In such systems, small triggers—a protest, a ban, a spark—can produce cascading effects far beyond their immediate cause.

Explaining this rupture mainly through foreign influence can feel reassuring, but it ultimately absolves domestic actors of responsibility. External pressures do exist, but they become decisive only when internal institutions are already hollowed out and exposed. When institutions are weak and compromised, outside forces stop dealing with the state as an institution and begin negotiating directly with individual political powerbrokers. At that point, sovereignty erodes quietly—not through invasion, but through leverage.

This is why the current obsession with identifying external hands risks missing the deeper lesson. The more revealing symptom may not be foreign maneuvering, but the ease with which, for example, militant cadres, informal networks, and extra-institutional actors are able to step in and exert influence, right under our nose during this election cycle. This is just the tip of our the ever fragile institutional iceberg that needs tending.

As some have recently noted, these "cadre machines" are not causes of the crisis so much as indicators of a broken system—filling a vacuum left by institutional decay.

Nepal's deeper challenge, therefore, is not denying or ignoring outside influence. It is rebuilding the internal capacity that makes such influence less consequential: credible institutions, internal party democracy, transparent rules, and steady and independent civic oversight that operates beyond election cycles.




Without this foundation, every crisis will continue to invite external interpretation—and external leverage.

My take, across several essays on Nepal Unplugged, may be of interest to some: why Nepal's current crisis is better understood through internal institutional fragility than through the language of "foreign hands."

*Dr. Alok K. Bohara, Emeritus Professor of Economics at the University of New Mexico, writes as an independent observer of Nepal's democratic evolution through the lens of complexity and emergence science. His systems-policy essays on Nepal's socio-economic and political landscape appear on Nepal Unplugged.*

Gorkha Express Weekly
राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक

# बीपी र नेपाली राजनीतिमा जे देखियो



***इतिहासका राजनीतिक घटनाक्रम..***

बीपीविरूद्ध राजा र सामन्तवादी शक्ति पहिल्यै एकजुट भइसकेका थिए,' उनी भन्छन् ।

पछि महेन्द्रले आफूलाई पनि क्रान्तिकारी देखाउन नक्कल त गरे । तर, अक्कल पुऱ्याएनन् । त्यसैले महेन्द्रको क्रान्तिकारी भूमिसुधार प्रभावकारी हुन सकेन । बीपीका पीए कुमारमणिले आफ्नो आत्मकथामा पनि उल्लेख गरेका छन्, 'जंगल राष्ट्रियिकरणँ गर्दा सरकारले मुआब्जाको पनि व्यवस्था गरेको थियो । तर, महेन्द्रका भाइ हिमालयलाई मुआब्जा पुगेनछ । उनले हाकाहाकी भने- मुआब्जा पुगेन । बीपीले त्यतिबेला स्पष्ट जवाफ दिनुभयो- यसभन्दा बढी पाइँदैन ।'

समयको वेगलाई नाप्न सक्ने बीपीको क्षमताबाट वकिल विनोद सिंह अहिले पनि कायल छन् । उनी बीपी मेलमिलापको नीति लिएर नेपाल फर्किने बेला आफ्नो काकासँग भएको एउटा संवाद अहिले पनि सम्झन्छन् । 'काकाले उहाँको सुरक्षालाई लिएर चिन्ता जाहेर गर्नुभयो,' विनोद भन्छन्, 'तर, बीपीको उत्तर थियो- राजालाई थाहा छ । मलाई केही गर्यो भने उनको हालत के हुन्छ । त्यसैले हदै गरे जेलमा थुन्छन् ।' उनी बीपीलाई उपचार गराउन विदेश पठाउनु पनि दरबारको बाध्यता भएको बताउँछन् । 'बीपी साधारण नेता थिएनन् । त्यसैले जेलमा केही भयो भने त्यही दिन राजशाही खत्तम हुन्छ भन्ने राजालाई राम्रैसँग थाहा थियो' ।

बीपीको यही उचो व्यक्तित्व देखेर एकपटक भारतीय संसद्मा समाजवादी नेता मधु लिमयेले भनेका थिए, 'इन्दिरा ठूलो देशकी नेता भएर ठूलो भइन् होला । तर, बीपी कोइरालाको कुरा गर्ने हो भने भारतमा अहिले पनि इन्दिरापछि ठूला नेता छन् भने बीपी नै हुन् ।'

बीपीको राजनीतिक उचाइ यस्तो थियो कि भारतका मात्र होइन, चिनियाँ नेताहरूसँग पनि उनको निकटस्थ सम्बन्ध थियो । बौद्धिकता, सुझबुझ, संघर्षपूर्ण राजनीतिक जीवन, राष्ट्रियता र प्रजातन्त्रप्रतिको अविचलित अडानका कारणँउनले आफ्नो अन्तर्राष्ट्रिय हैसियत बनाएका थिए । अझ भारतका सत्तापक्ष र प्रतिपक्षका शीर्षस्थ नेताहरूसँग त उनको पारिवारिकजस्तै सम्बन्ध थियो । यो तहको सम्बन्ध सायदै अरू कुनै नेपाली राजनीतिज्ञको थियो, न निकट भविष्यमा हुने सम्भावना छ । राजनीतिक तहको सम्बन्ध नभएकै कारण छिमेक र अन्तर्राष्ट्रिय तहमा धेरै वर्षदेखि हेपिएको वा प्रतिष्ठा नपाएको महसुस गररिहेको छ, नेपालले । तसर्थ, बीपीलाई अनुसरण गर्दै राजनीतिक तहमा सम्बन्ध कायम गर्न सके राष्ट्रिय स्वाभिमानको मानमर्दन हुन्न भन्नेमा आशावादी हुन सकिन्छ । तर, यसतर्फको पहल र सकृयता राजनीतिक नेतृत्वबाटै हुनुपर्छ ।

कोलकाता, पटना र बनारसबाट

'सकिए मोहनशमशेर'मेरी माताजी नलिनीदेवी बीपीका माइला बुबा नारायणप्रसादकी कान्छी छोरी हुनुहुन्थ्यो । त्यसैले हाम्रो सम्बन्ध पारिवारिक थियो । तर, हाम्रो परिवार राणाजीको महलमा काम गर्ने । त्यही भएर ००७ सालअघि दूरी केही बढ्न पुग्यो । यसै क्रममा हाम्रो घरमा विराटनगरकी ठूलीआमा जनककुमारीका छोरा तीर्थप्रसाद अधिकारी बस्न आउनुभयो । एक दिन बेलुकीपख तीर्थकुमारले बीपीले लेखेको सानो कागज, पिताजी राममणिलाई देखाउनुभयो । त्यसमा लेखिएको थियो, 'एकपटक भेट्न आऊ ।' पत्र देखाउँदै सोध्नुभयो, 'जाऊँ कि नजाऊँ ?'

त्यो समय बीपीको नाममा एक प्रकारको गोप्य वारेन्ट थियो, काठमाडौमा । त्यस्तो अवस्थामा पनि पिताजीले तीर्थलाई भेट्ने स्वीकृति दिनुभयो । केही दिनपछि बीपी पक्राउ पर्नुभयो । जेलमै अक्षय तृतीयाको दिन पारेर बीपीले भोक हडताल थाल्नुभएछ । दुई-चार दिन त्यसै बित्यो । तर, त्यो खबर भारतका प्रशासककहा पुर्याइएपछि माथिबाट दबाब पर्न थालेछ । एक दिन पिताजीलाई मोहनशमशेरको दरबारबाट बोलावट आयो । त्यतिबेला पिताजीलाई मोहनले 'सर्दारी' दर्जा त दिएका थिए तर दीक्षित परविारबाट अधिक महत्त्व नरेन्द्रमणिले पाउनुभएको थियो । उहालाई त बीपीको विषयमा कुरा गर्न बोलाइएको रहेछ । त्यतिबेला मोहनशमशेर आफ्ना दुई छोरा शारदा र विजयसगै बसेका थिए । पिताजीलाई देख्ने बित्तिकै भनेछन्, 'ए राममणि तिम्री बाहुनी कोइरालाकी छोरी होइनन् ? हेर, बीपीले नचाहिदो हठ गरेर केही दिनदेखि केही पनि खाएका छैनन् । बाहुनको छोरा, मर्लान् भन्ने पिर परेको छ । एकपटक तिमीले तिनलाई सम्झाउनु, दुलहीलाई पठाइदेऊ ।'

पिताजीले तुरून्तै बिन्ती चढाउनुभएछ- 'सरकार ! हामी सरकारको सेवामा लागेका, बीपीहरू सरकार विरूद्धमा संघर्ष गर्ने । हाम्रो नाता-सम्बन्ध भए तापनि मेरी पत्नीले गरेर केही हुँदैन जस्तो लाग्छ ' त्यसपछि उहा उर्मकिनुभयो । ००७ सालअगाडि बीपीलाई भारतको ठूलो दबाबले जेलमुक्त गर्नुपर्यो । आफ्नो देश स्वतन्त्र भएपछि भारतले मोहनशमशेरलाई आमन्त्रणा गर्यो । उसको उद्देश्य थियो, विश्वको बदलिदो राजनीतिक वातावरणा र स्वतन्त्र भारतको कार्यपद्धतिबारे राणा सरकारलाई जानकारी गराउने । आफूले दिएको सल्लाह मोहनशमशेरले नमान्ने लक्षण देखेपछि, एकातिरबाट जनतालाई राणा शासनविरूद्ध उभिन मद्दत गर्ने, अर्कोतिरबाट दरबारभित्र हात बढाएर राणालाई आफ्नो अनुकूलको बनाउने रणनीति भारतबाट चालिन लाग्यो । यो तथ्य बीपी बाबुहरूलाई धेरै पछि थाहा भएजस्तो लाग्छ । राजा त्रिभुवनको भारतीय दूतावास प्रवासपछि भारतीय पदाधिकारीको केही गह्वुगो व्यवहारबाट नेपाली कांग्रेसलाई नेपालको सार्वभौमसत्ता दिल्ली दरबारमा नबुझिंदो रूपले झुकेको महसुस भएको बीपीको आत्मवृत्तान्तमा उल्लेख छ ।

त्यसो त त्रिभुवन पनि राणँ शासनसग भित्रभित्रै चिढिएको अवस्था थियो । राजदरबारलाई 'प्रजातन्त्र' भन्दा पनि आफू राणाशाहीको बन्धनबाट मुक्त हुने चाहना तीव्र थियो । भारतले यो कुरा पत्ता लगाएपछि शाह परविारलाई आफ्नो संरक्षणमा ल्याउने र त्यसको निमित्त जनतालाई विद्रोह गर्ने अवसरलाई प्रश्रय दिने रणनीति अवलम्बन गर्यो । ००७ सालअगाडिको क्रान्ति, विशेषक्रान्ति नभई भारत सरकारको एक योजना थियो ।

आफ्नो मध्यस्थतामा राणा सरकारका प्रतिनिधि तथा राजा त्रिभुवनबीच सम्झौता पत्रमा हस्ताक्षर भए लगत्तै भारतले आन्दोलन स्थगित भएको घोषणा गर्यो । अनि मात्र नेपाली कांग्रेसका नेताहरूको आखा खुल्यो । वास्तवमा ००७ सालमा प्रजातन्त्र स्थापना हुनुको साटो राणँशाहीको हातबाट नेपालको भविष्य भारत सरकारको हातमा सरेको थियो । राजाको सल्लाहकारका रूपमा भारतले आफ्नो व्यक्ति राखेपछि त मन्त्रिपरिषद् गठनलगायत सानातिना काममा पनि दिल्लीको मुख हेर्नुपर्ने परिस्थिति कायम भएकै थियो । त्यसैले गृहमन्त्री भएका बेला पनि बीपीको हृदय खुलेको अनुभव गर्न पाइएन ।

यसैबीच प्रकृतिले पनि एउटा लीला गऱ्यो, लीला के भनौं यसको एउटा नियमित अकस्मिकता । २०७२ साल बैसाख १२ गते दिउँसो ११.५६ बजे ५६ सेकेण्ड लामो भूकम्प गयो । भँकम्पको शक्ति ७.९ रेक्टर स्केलको थियो । प्रकृतिले मध्यरातको नेपालको लीला मन पराएन । यसले मध्य दिनमा गर्नुपर्दछ कामकुरा भनेर नेपालको शासनमा टाँसिइरहन चाहने दलका नेतालाई सन्देश दियो । तिनको ध्यान भङ्ग गराई दियो । लडेर नेपाल बन्दैन मिलेर गर भनेर मेसेज दियो । ती सातो दशदिन मध्यरातको राजनीति छाडेर मध्यदिनको राहत कार्यमा जुटे पनि । डेढ महिना पछि फेरि जुटे मध्य रातमा । चार दलका चार जना सुशिल, ओली, प्रचण्ड र गच्छेदार । यी चार जनाले नेपालमा बिगत २०६२/६३ सालदेखि हठयोगबाट थाति रहेको संबिधान निर्माणको कुरामा सहमत गरे, फेद न टुप्पोको । बिगत २ दशकदेखि यिनले नेपाली जनतालाई पारेको प्रभाव के थियो भने संबिधान बनेपछि जनताका सबै माग एकैछिनमा टुङ्गिन्छन्, सबैको घरमा चुलो बल्दछ, बिदेशिएका नेपाली एकै दिन नेपाल फर्कन्छन्, लोडसेडिङ्गको अन्त्य हुन्छ, भ्रष्टाचार शुन्य हुन्छ, देशभरि कलकारखान गनगनाउँछन् र देशको निर्यात आयत भन्दा दोब्बर हुन्छ भन्ने जस्ता मनका लड्डु खाएर बसेका नेपाली गलगद भए, खुसीको सीमा रहेन । तर त्यो १६ बुँदे सम्झौता जुन भयो त्यो चार दलका चार नेताले मात्र गरेको संझौता हो । के संसदमा रहेका जनताका प्रतिनिधिको राय आये त्यसमा ? देशका आम जनताको चाहना आयो त्यसमा ? एकछिन मानौं आयो । यदि चार जनाले गरेर हुने भए किन ६०१ जना जनप्रतिनिधि बनाएको ? तिनलाई नबनाएको भए तिनमा लगानि गरेको रकमले ठूला बिद्युत आयोजना बन्न सक्ने थियो । यदि सांसदमा पार्टीको ह्वीप लाग्ने हो भने सबै निर्णय दलले मात्र गरे हुने थियो संसद किन चाहियो ? किन भने दलका धेरै सांसद बनाएर तिनलाई देशको स्तरभन्दा बढी सुबिधा दिएर रकम दिनु भनेको पार्टीलाई धनी बनाउनु हो । सांसदले पाउने रकमको ५० देखि ८० प्रतिशत लेभी तिर्दछन् । यो दलले गरेको सेतो भ्रष्ट्रचार हो । संबिधानको त कुरै छाडौं आर्को पुस्ताले यो व्यबस्थै मन पराउने छैन ।

२६ वर्षका उमेरमा १७ नोभेम्बर १९७७ मा प्रतापसिंहको मृत्यु । शासन २ बर्ष । प्रताप सिंहको मृत्यु हुँदाका दिन उनका पुत्र युवराज रणबहादुर शाहको उमेर ३० महिनाका हुन्छ ।

३१ वर्षको उमेरमा रणबहादुर १८०६ मा आफ्नै भाइबाट मारिन्छन् । नेपालको राजनीति खुकुरी र रक्तपातपूर्ण रहेको देखिन्छ ।

# विवेकी बनौं, विवेकपूर्ण मतदान गरौं



**सुरेशकुमार पाण्डे**

अहिलेको परिस्थितिमा जनताले भोट खसाल्नु अघी राष्ट्र र गणतन्त्रको हितलाई मध्यनजर गरेर मात्र खसाल्नुहोला । देश रह्यो भने हामी रहन्छौं भन्ने विचारलाई आत्मसाथ गरी आफू र आफन्तिहरू समेतलाई सचेत बनाउन अहिले समस्त नागरिकहरूको कर्तव्य हुन्छ ।

देश तथा विदेशबाट हो हल्लामै गरिने मतदानले राष्ट्रियतालाई गम्भिर खतरामा पुराउने छ । कतिपय युवाहरू आफू विदेशमा परिश्रम गर्दागर्दै पनि आ आफ्ना संघ साथि र आफन्त जनहरूलाई सहि र सत्य बाटोमा हिंडाउनुको सट्टा हल्लाको पछि उनिहरूलाई भोट गलत ठाउँमा दिन सुझाएको पनि देखिन्छ । मुहार पुस्तिकामा अराजक प्रकारका लेख रचनाहरू पस्केर भोट कस्मा भन्दै फोटाहरू राखेर मत मागेको देखिन्छ । यस्तो अन्यौलता किन ? नेपालमा बसेका जनताहरू वा विदेशी भूमिमा जहाँ बसोबास गरेका भएपनि नेपालीहरू एउटै सन्तान् हौं । यसकारण समस्या निदानको चिन्ता सबैभन्दा पहिलो हुनुपर्छ ।

भोट एउटा सक्षम नेता राजनैतिक पार्टी जसले यो देशलाई सही बाटोमा डोराउन सक्ने भिजन र आँट राख्दछ । यो देशबाट अनावश्यक खर्च कटौती गरेर देशमा कलकारखानाहरू निर्माण गर्ने, देशबाट भ्रष्टाचार खत्तम गर्ने महंगी नियन्तरण गर्ने र रोजगारको ब्यवस्था सिर्जना गरेर युवाहरूलाई देशभित्रै रोजगारको ब्यवस्था गर्नसक्ने हैशियत राख्दछ । त्यस्तो अनुसाशित राजनैतिक शक्ति र नेताहरूको चयन गर्नुपर्दछ । मतदान भनेकै आफ्नो मत गुप्त रूपमा प्रकट गर्नु हो । कुनैपनि मतदाता आफ्नो अधिकार प्रयोग गर्न हिचकिचाउनु हुँदैन । गुप्त मतदान नागरिकको नैसर्ङ्गिक् अधिकार हो । अहिले यो अधिकार नागरिकको हातमा संरक्षित छ । तर हामीहरूले मतदान गरिसकेपछिको हाम्रो शक्ति त्यो जनप्रतिनिधिको हातमा हुनेछ ।

यस्तो नहोस् हतारमा गरिएको निर्णयले फूर्षतमा पछुताउन परोस । वास्तवमा यो देश र देशको संविधान पनि हामिसबैको साझा हो । देशलाई बलियो र अखण्ड बनाइराख्ने साथै संविधानको पनि रक्षा गर्ने हामी नेपाली सन्तानको जिम्मेवारी बन्दछ । संविधान भित्र रहेका कयौं त्रुटीहरू मैत्रिपूर्ण तवरलेपनि विस्तारै हटाउन र संविधान संशोधन गरेर पछि थप घट गर्न सकिन्छ । तर देश कुनै विदेशीको जञ्जालभित्र फस्यो र गुलाम बन्यो भने नेपाली सन्तान् विश्वको मानचित्रबाट बिस्थापित हुने खतरा पनि उत्तिकै हुन्छ ।

यो वीर जातिको शक्ति अहिले पनि विदेशीहरूको रक्षक र उनीहरूको देश विकासमा खर्चिरहेको छ । सुगौली संधि सगै भएको गोरखाभर्ति केन्द्र पछि नेपालका होनहार युवाहरूले पहिले ब्रिटिस्ट भारत र पछि स्वतन्त्र भारतको विकास र व्यक्तिको लागि काम गर्दै आएका छन् ।

यही क्रममा सन् १९८७ मा भारतको आसमा मेघालयबाट नेपालीहरूलाई अमानवीय तरिकाले अत्याचार गर्दै हटाउने काम भएको थियो । त्यो बेला मेघालयमा बसोबास गर्दै आएका नेपालीहरूको हत्य समेत गरिएको थियो । महिंलाहरूको छाती काटेका र बलात्कार गरेका घट्नाहरू भए । एउटाले कसैलाई ठगेर चोरेर भाग्यो भने सहरमा कामगर्ने नेपालीहरूलाई धरपकड हुन्छ । कतै हिंशा, कतै बलात्कार, कतैबाट झुटा आरोपमा जेल नेल पर्छन् । अन्याय हुन्छ ।

संन्धि सम्झौता गर्ने सरकारमा बसेकाहरूले र सजाय पाउने सर्वसाधारण श्रमजीविहरू हुन्छन् र हुँदैआएका छन् । अवस्था कहालीलाग्दो छ ।

कतिपय युवाहरू देशको अवस्था बारे अनभिज्ञ छन् भने कतिपय जानेर पनि अञ्जान बनेका हुन्छन् । उनिहरू देशमा बड्दै गएको विदेशी हस्तक्षेपलाई देख्दैनन् । त्यही अनदेखिले देश फीजी करण हुँदै गएको छ भविष्यमा विस्तारै देश सिक्किमिकरण भएपछि बल्ल झसङ्ग निद्रा खुल्ने छ । तर त्यसपछि हामीहरूले चाहेरपनि केही गर्न सकिने छैन । छिमेकी मूलुक भारत लामू समयसम्म गुलाम बन्यो । भारतका तीनव़टा टुक्रा भएको हाम्रै सामु छ । अफगानिस्तानमा त्यहाँका नागरिकहरूलाई उग्रवादी नै बनाईयो । जसले दुई दशक भन्दा लामो समयसम्म आफ्नो स्वतन्त्रताको लागि सशस्त्र लडाई लड्नु पर्यो । श्रीलंका लामो समयसम्म आतङ्कको सायामा रह्यो ।

एउटा स्वतन्त्र राष्ट्र सिक्कीम भारतमा बिलय भयो । यस्ता कयौं उधारणहरू भेटिन्छन् । देश कतै जाँदैन त्यो मर्ज हुन्छ । भाषाको, भेषभुषाको रूपमा, सस्कृती परमपरा र व्यवस्था विदेशीको हातमा जान्छ । अनि के रहन्छ ? हाम्रो स्वाभिमान कसैको गुलाम बनेपछि देशको सार्वभौमसत्ताको वारिस विदेशी बनेपछि हाम्रो अस्तित्व गुमिसकेपछि के रहन्छ बांकी ? एउटा स्वाभिमानि नागरिकले आफ्नै विवेकबाट विचार गर्ने भनेको यही हो । देशको परराष्ट्र नीति फितलो छ, आर्थिक अवस्था दयनीय छ, शिक्षा सुरक्षा चिन्ताजनक छ । साच्चै भन्नुपर्दा हामी असुरक्षित अवस्थामा छौं । नलजाईकन भन्छौं देश कतै जाँदैन । हामी भन्छौं देशभित्र भ्रष्टाचार भयो तर किन खोजी खोजी भ्रष्टाचारिहरूलाई मतदान गर्छौं ? यो सोंचनीय विषय छ । हामी छिमेकी मूलुकमा आफ्नो सन्तानको दयनीय अवस्था देखिरहेका हुन्छौं तरपनि त्यो दिश्य नदेखेको जस्तै चुपचाप छौं । भारतको कुना कुनामा नेपाली मजदुरहरूको अवस्था कस्तो छ भन्दा राजदुतलाई थाहा छैन । नेपाल भारतको शान्ति तथा मैत्रि संधिवाट भारतमा गएका नेपालीहरूले त्यो सन्धि अनुसारको सुबिधा पाएका छन् त ? खोई चासो ?

हाम्रो विचार कस्तो छ भने एक पटक संविधानमा गलत चीजको प्रवेश भएको छ अब त्यसलाई बदल्न सकिदैन । कति गलत विचार हो यो । सङ्घीयता प्रवेश भयो हामी सङ्घीयतामा प्रवेश गरिसक्यौं अब पछि हट्न मिल्दैन भन्ने गलत सोंचले देशलाई फाइदा हुँदैन बरू सङ्घीयताले देशलाई कस्तो अवस्थामा पुराएको छ ? हाम्रो मैत्रिपूर्ण छलफल यता जानुपर्ने हो । हाम्रो देश बहुदलिय अभ्यासमा छ तर कति वर्षसम्म यो अभ्यास चलिरहने ? हाम्रो कम्जोरीको फाइदा विदेशी शक्तिले उठाएको छ । भित्रको कम्जोरीले नै रोग निम्ताएको हुन्छ । देशलाई आत्मनिर्भर कसरी गराउने ? युवाहरूलाई विदेश पलायनबाट कसरी रोक्ने ? समस्या जटिल बनेको छ ।

सर्वप्रथम चुहावट रोक्ने र रोजगार सिर्जना गरेर देवलाई आत्मनिर्भर गराउनु पर्द छ ।

पारिवा़रभित्रको लडाइले बाहिरिए शक्तिहरूको प्रवेश हुनेगर्छ विगतमा भएको जेन्जी आन्दोलन त्यसैको परिणाम हो । कतिपय आफूलाई देशभक्त भन्नेहरू विदेशीका गोटी बनेका छन् । बिस्तारवाद, साम्राज्यवादको कठपुतली बनेर देशको सार्वभौमिकतालाई लतार्ने प्रयासमा छन् । त्यसले गर्दा अहिले देशभक्त र विदेशी शक्तिहरूको बिचमा मतदान हुने अवस्था सिर्जित भएको छ । कतिपय राजनैतिक पार्टीहरूलाई सत्ताको स्वार्थले अन्धा बनाइदिएको छ । उनिहरूले त्यो खतरालाई देख्न सकिरहेका छैनन् ।

यस्तो देशको कहालीलाग्दो अवस्थामा नागरिकहरूले आफ्नो विवेक प्रयोग गरेर मतदान गर्नुपर्ने हुन्छ । अखण्ड देशका लागि हाम्रो मत असमान सन्धि सम्झौता र सङ्घीयता तथा एमसीसी खारेजीका लागि हुनुपर्छ । विदेशी दलाल र बिध्वंशकारीहरू जसले देशलाई आगोको भेट चढाए देशको सम्पती जलाए र निर्दोष बाल बालिका लगायत ७६ जनाको बली चढाए यस्ता अपराधीहरूको बिरूद्धमा आफ्नो मत प्रयोग गर्नु अहिलेको कर्तव्य पनि हो । विवेक गुम्यो भने पछुताउनु पर्नेछ । यो समय कुन नेता कति देशभक्त छन्, कुन पार्टीले जनताको आशा र भरासो परिर्ति गर्न सक्षम छ, इमान भएको उमेदवारलाई यसपल्ट जनताले जिताउने र भ्रष्टलाई किनारा लगाउने अवसर जुरेको छ । यो अवसरको सदुपयोगमा भविष्य सुनिश्चित छ ।

**सत्यतथ्य र ताजा समाचारका लागि**
www.sandhyakalin.com
www.nepaltoday.com.np पढौं र
**लेख, रचना, समाचार र बिज्ञापन पठाएर सहयोग गरौं ।**

**धूमपान तथा सूर्तिजन्य पदार्थ सेवन नगरौं, क्यान्सरलगायत नसर्ने रोगबाट बचौं**

**धूमपान भनेको के हो ?**

- धूमपान भन्नाले खासगरी सूर्तिजन्य पदार्थको धुँवा खानु हो । चुरोट, बिंडी, तमाखु, कक्कडजस्ता सूर्तिजन्य पदार्थको सेवन गर्नु हो ।
- धूमपानको धुँवामा ७ हजार भन्दा बढी किसिमका रासायनिक तत्व पाइन्छन् । तीमध्ये ६९ भन्दा बढी तत्वले क्यान्सर गराउँछ ।

**धूमपान तथा सूर्तिजन्य पदार्थ सेवन गर्दा हुने असर**

- मुख, फोक्सो, पेट, फियो, आन्द्रा, मूत्रनली, पाठेघर आदिको क्यान्सर हुन्छ ।
- दम, दीर्घ श्वासप्रश्वास रोग, उच्च रक्तचाप, हृदयघात, मस्तिष्कघात, गर्भपतन हुने, कम तौलको बच्चा जन्मने, अवधि पूरा नभई बच्चा जन्मने, मृत बच्चा जन्मने आदि गराउँछ ।
- धूमपानको धुँवाले वर्षेनी धूमपान नगर्ने व्यक्तिलाई समेत असर गर्दछ । नजिक बसेकै कारणले विश्वमा वर्षेनी १३ लाख मानिसको मृत्यु हुने गरेको छ ।

**धूमपान तथा सूर्तिजन्य पदार्थबाट बच्ने उपाय**

- साथीभाइको लहैलहैमा नपरौं ।
- दीर्घकालीन असरको मनन गरी कूलतमा नफसौं !
- धूमपानबाट छुटकारा पाउनका लागि स्वास्थ्यकर्मीसँग सल्लाह गरौं !
- सार्वजनिक स्थलमा धूमपान नगरौं !
- घरभित्र र बच्चाको अगाडि कहिल्यै धूमपान नगरौं !

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
**स्वास्थ्य कर कोषको सचिवालय**
रामशाहपथ, काठमाडौं

राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक
(साविक म.क्षे.हु.नि.) गो.हु.द.नं. ५/०६७-६८ हाल ५/०८२-८३
का.जि.का.द.नं. २५-०३९/४० भ्याट नम्बर- ३ ० ४ ५ ६ २ ४ ४ ४
मंगलबार Tuesday
२०८२ फागुन १२, Feb. 24, 2026





अन्तिम पातो - शाश्वत शर्मा

# चुनाव र द्वन्द्व समाधान ?

यही संविधानअन्तर्गतको शासन प्रणालीबाट अत्यन्तै राम्रो तरिकाले फाइदा लिइरहेका दलका कार्यकर्ता, नेता र दलहरूले यतिखेर पूर्वराजा ज्ञानेन्द्रलाईधारे हातलगाएर सत्तोसराप गरिरहेको पाइएको छ । मुलुकको समस्याहरूको मूल जड रहेको यो संविधान र सत्तामा पालैपालो आसीन भएर आफू र आफ्नो झो कार्यकर्ताहरूको पक्षपोषण गरिरहेकाहरू इन्तु न चिन्तु हुनपुगेका छन् । बाहिर जतिसुकै पूर्वराजालार्य शक्तिहीन रूपमा चित्रित गरेता पनि यिनलाई राजशक्ति के हो ? पूर्वराजाको अझै कुन हैसियत छ ? त्यो कुरा फागुन ७ को सन्देशका एक एक शब्दले यिनलाई पोल्न थालेको छ । खासगरी सामाजिक सञ्जालहरूमा त राजाको सन्देश भाइरल नै भएको छ । एकथरि भन्छन्- अरूबेला भएको भए, अहिलृ राजाविरूद्ध जुलुस र नाराबाजीको होड नै चलेको हुन्थ्यो तर अहिले चुनावको माहोल छ, जेनजीको प्रताडनाले यिनीहरू छट्पटिएका छन् । त्यसैले भाषण र कोठे बक्तव्यबाट आफूलाई बचाएका छन् । कारण यदि चुनाव भइहाल्यो भने, राजावादीको मत आफूहरूलाई नआउला भनेर । तैपनि दूतावासहरूको हण्डीबाट पालिएका केही कथित नेताहरू राजालाई सत्तोसराप गर्न रोकिएका छैनन् । पार्टीका झाले बुद्धिजीवी, कार्यकर्ताहरू राजाको सन्देशलाई लिएर नानाभाँती भ्रम छर्न व्यस्त छन् । त्यसो त राजाले फागुन ७ मा दिएको भिडियो सन्देशका स्पष्ट रूपमा ७ बुँदा महत्वपूर्ण छन् । पहिलो : मुलुक अहिले अन्यौल र गहिरो छटपटीको भूमरीमा फसेको छ । दोस्र : बिगतका आन्दोलन र परिवर्तनले के दियो ? समीषा गर्ने बेला आयो । तेस्रो : आलोपालो भाग लगाएर खाने भन्ने सोचले देश बन्दैन । चौथो : नेपालीले नेपालीलार्य बैरी ठान्ने र घृणा फैलाउने राजनीति रोकौं । पाँचौं : अधिकारमात्र खोज्ने होइन, कर्तव्इवोध गरौं । छैठौं : व्यवस्थाका राम्रो र असल पक्ष राखौं, खराव पक्ष फालौं । सातौं राष्ट्रिय समस्याको समाधान गरेर मात्र चुनावमा जानु उचित ।

पूर्वराजाको यो सन्देशमा के चाहिं गलत छ त ? झन सातौं नम्बरको राष्ट्रिय समस्याको समाधान गरेर मात्र चुनावमा जानु उचित भन्ने आशयमा के चैं गल्ती छ र ? राष्ट्रिय समस्याहरू ज्यूँका त्यूँ रहिरहने र चुनावको आवरणमा कहिले काले, कहिले भालेले सत्तामा पुगेर देश लुटिरहने ? लोकतन्त्र भनाउँदो भाडातन्त्रको आवरणमा आफू र आफ्नाका लागि देशको ढुकुटी रित्तो पारेर देश र जनतालाई ऋणि बनाइरहने ? राजशक्तिलाई बाहेक गरेर समस्या समाधान गर्न सक्छ कसले ? समाधान हुने भए बीस वर्षसम्म किन समस्या कचल्टियो ? किन जेनजी आन्दोलन र बिद्रोहको बिनासलीला देख्नु भोग्नु पऱ्यो ? चुनावबाट अर्काथरि संसद, सरकारमा पुग्लान्, तिनले समस्या समाधान गर्ने होइन, फेरि लूट मच्चाउने छन् । लूट मच्चाउने र देशलाई समस्याको भूमरीमा पार्ने भए चुनाव किन चाहियो ? चुनावमा जाने परिवर्तनकारी शक्तिहरूले राष्ट्रिय समस्या समाधान गर्न सक्छौं भनेर कुनै खाका पेश गरेका छैनन् । हिजो एकथरिले लुटे, अब अर्कोथरिले ब्वाँसोले गाईको छालो ओढेर लुट्नसक्नेछ । अब पनि स्वार्थका पुतलाहरूलाई किन बोकिरहने ?

जबसम्म २०६३ सालतिर धोखा दिएर अन्तरिम संविधान, संविधानसभा भनियो र देश र राजसंस्थालाई धोका दिइयो । राजासँग गरिएका सहमति तोडिाये । यदि इमानदारीताको कसीमा उभिन सकिन्न, राष्ट्रिय समस्या झन बिकराल हुनेछ । त्यसै मुलुकको अस्तित्व संकटमा फस्न पुगेको होइन । अभिभावकविहीन भएको मुलुकलाई अभिभावक चाहिएको छ । जसले बिकृति र बिसंगतिलाई रोकोस् । यही सबै बुझेर राजतन्त्रवादी भनिएको राप्रपाले फागुन २१ को चुनाव अघि नै राजा, जेनजी र दलहरूवीच समझदारी हुनुपर्छ भनेको छ । चुनाव प्रचार रोकेको छैन, सहमति वा समझदारीका लागि कुनै पहलकदमी पनि लिएको छैन । प्रष्ट भयो, राप्रपा पनि हिन्दुराष्ट्र र राजतन्त्र स्वार्थका लागि प्रयोग गरिरहेको छ। सत्य यही हो कि राजाको सन्देशको मर्म बुझ्ना साथ राप्रपा नाम गरेको पार्टीले अगुवाई लिनुपर्थ्यो । अबको समय भनेको चुनाव होइन, संसद पुनर्स्थपना होइन, मरेको संविधान ब्यूँताउने पनि होइन, राष्ट्रिय सहमति गरेर नयाँ संविधान र संविधानमा राजासहित सबै राजनीतिक शक्तिलाई उचित स्थान दिनुपर्ने थियो । समय धेरै अघि बढिसक्यो, अब पनि मुलुकले न पुराना राजनीतिक कुडा करकट, न नयाँ च्यापिरहनु सक्छ । झन शुशिला, सुदन, स्वर्णिम, खगेन्द्रजस्ता पात्रहरू त त्याज्य नै भयसके मुलुकका लागि । राजाले नै हो, देशको अस्तित्व बचाउने र बनाउने । ०४६ सालदेखि ०८२ सालसम्म भ्रष्टाचार, अपराधीकरण, द्वन्द्व, आगजनी, राष्ट्रघात बाहेक अरू केही देखेन, भोगेन मुलुकले । यो वास्तविकतालाई सबै राष्ट्रभक्तहरूले मनन गरौं । पञ्चायतकालको कुरै छाडौं, त्यो त उपलब्धिपूर्ण समय थियो । ०४६ सालपछि राजा संवैधानिक भएर बस्दामात्र पनि यतिबिघ्न हाहाकारमा फसेको थिएन मुलुक । विदेश प्रायोजित जनयुद्ध, जनआन्दोलनपछिको २० वर्ष विदेशीको परेड मैदान नै बन्यो नेपाल । यो लोकतान्त्रिक गणतन्त्र अर्थात लूटतन्त्र स्वीकार्ने भनिनेहरू तिनै विदेशीका सामु लम्पसार पर्नेहरू नै रहेका छन् । यसकारण पनि सबैले विवेकी बनेर सोच्नुपर्छ कि राष्ट्रिय समस्याहरूको समाधान पहिल्याउनुपर्छ पहिले ।

# सेनालाई बिबादमा मुछ्ने साजिस दुःखद छ – डा.बिनिता

शिवरात्रि पर्व, सेना दिवसको अवसरमा टुँडिखेलमा यसपल्ट अमेरिकी सैनिकले प्रस्तुती दिएका थिए । यो विषयलँई अमेरिकी सेनाले टुडिखेलमा परेड खेल्यो भनेर राजनीकिरण गरियो, सामाजिक सञ्जाल भाइरल पारियो ।

फागुन २१ मा संसदको निर्वाचन भएकाले पनि यो विषयलाई राजनीतिकरण गरिएको बुझ्न सकिन्छ । यस विषयमा नेपाली सेनाले सबैको चासो संवोधन गर्दै यो नियमित तथा पारस्परिक सम्बन्ध बुझाउने अभ्यासमात्रै भएको बुझ्न र भ्रममा नपर्न आग्रह गरेको छ । नेपाली सेनाका प्रवक्ता सहायक रथी राजाराम बस्नेतका अनुसार- 'नेपालमा सेना दिवसका बेला नियमित रूपमा आयोजना गरिने समारोहमा अरू देशका सेनाको ब्याण्ड टिमले मैत्री सहभागिता जनाउने गरेको छ, हामी पनि अरू देशमा सैनिक टुकडी लिएर जाने गर्छौं ।'...'अस्ति भर्खरै भारतको सेना दिवसमा नेपाली ब्याण्ड पनि यसैगरी गएको थियो । त्यसको उद्घोष नेपाली भाषामै भएको थियो । आर्मी टु आर्मी अपरेसनअन्तर्गत विभिन्न कार्यक्रममा भाग लिने, संयुक्त अभ्यास गर्नेलगायतका काम नियमित प्रक्रिया मानिँदै आएको छ ।'

स्मरणीय छ, नेपाल र अमेरिकाबीच सन् १९४७ मा सैन्य सम्बन्ध स्थापित भएको हो । त्यसपछि निरन्तर सैनिक अभ्यास, सम्बन्ध र कूटनीति निरन्तर चलिरहेकै छ । गणतन्त्रकालमै पनि विभिन्न सरकारका पालामा यस्ता सैन्य ब्याण्डका नियमित प्रस्तुति हुँदै आएका छन् । नेपाली सेनाका सैनिकहरू अमेरिकास्थित स्टाफ कलेजहरू गएर अध्ययन गर्ने, अमेरिकीहरू पनि कार्यक्रम विशेषमा नेपाल आउँछन् ।

नेपाली सेनाले भारत, चीन, अमेरिका, बेलायत, पाकिस्तानलगायत विभिन्न देशका सेनासँग संयुक्त सैन्य अभ्यास गर्ने गरेको छ। पहिलेको सत्तासीनहरू पश्चिमा घूसपैठमा जेनजी आन्दोलन गराएको धङधडेमा छन् र भन्छन्- सेनाको कार्यक्रममा अमेरिकी सेनाको ब्याण्ड प्रस्तुती, टुँडिखेलमा नाच त्यसैको अर्को कडी हो । सरकार र सेना तथा नजीर हेर्दा यो बिगतकै अभ्यासको निरन्तरतामात्र हो । बुझ्नेहरूका अनुसार प्रचण्ड, देउवा, ओली प्रधानमन्त्री रहेकै समयमा पनि यस्ता कार्यक्रम हुनेगरेका थिए, यसैले यसलाई राजनीतिकरण नगर्दा हुन्छ ।

नेपाली सेना भनेको वीरता, धीरता, अदम्य साहस, शौम्य र गौरवपूर्ण इतिहास भएको सेना हो । नेपाल राष्ट्रको एकीकरणदेखि हरेक राष्ट्रिय संकटलाई किनारा लगाउन खेलेको अग्रणी भूमिका, विश्व शान्ति स्थापनार्थ अन्तर्राष्ट्रिय क्षेत्रमा कमाएको सम्मानले नेपाली सेनाको



शिर उँचो छ । यस्तो सेनाले सेनाले आफ्नो सेना दिवस-२०८२ तथा २६३औं वार्षिकोत्सवलाई ***'बलियो एकता, सुरक्षित राष्ट्र'*** का निम्ति हौसलाका साथ सेना दिवस मनाएको विषयलाई बिबादमा तान्नुको कुनै अर्थ देखिदैन । नेपाली सेनाको यस्तै सम्बन्धका कारण सैनिक कूटनीतिमा पनि गहिरो दख्खल राखेको इतिहास छ ।

सेना दिवसका उपलक्ष्यमा प्रधानसेनापति अशोकराज सिग्देलले सकल दर्जालाई सम्बोधन गर्दै हाम्रो देश नेपालका गौरवका गाथा, परम्परा र संस्कृतिहरू चिन्न, गौरव गर्नुपर्छ भन्दै नेपाली सेना नेपाल राष्ट्रको स्वाधिनता, राष्ट्रिय एकता, जनताको सार्वभौम अधिकार र कर्तव्यप्रति सम्वेदनशील छ भन्नुभएको छ । सेना दिवसमा सेनाले विभिन्न खेलकुद, सामाजिक क्रियाकलाप, युवा प्रोत्साहन कार्यक्रम त गऱ्यो नै, 'मिलिट्री टु मिलिट्री' सम्बन्ध समुधुर राख्ने उद्देश्यका साथ मित्र राष्ट्रका सैनिकहरूलाई समेत निम्त्याउने, निम्तो पाउँदा जाने परम्परालाई निरन्तरता दिएको छ । यस पल्ट पनि भारत, बेलायत र संयुक्त राज्य अमेरिकाका सैनिक ब्याण्ड टोलीबाट सांगीतिक प्रस्तुति दिइनुलाई सैनिक सम्बन्धको रूपमा हेरिएको छ । 'युवा आदान-प्रदान' कार्यक्रममा सहभागी हुन आउने जाने क्रम पनि जारी नै छ । यस्तो सम्बन्धले राष्ट्रियता, स्वाधीनता जगेर्नामा बल पुग्ने विश्वास गर्न सकिन्छ । नेपाली सेनाले राष्ट्रिय एकताको बलियो खम्बाका अडिग छ ।


## प्रतिनिधिसभा सदस्यको निर्वाचनमा सहभागी बनौं

- प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ फागुन २१ गते बिहीवार हुँदैछ ।
- मतदान विहान ७.०० बजेदेखि, साँझ ५.०० बजेसम्म हुनेछ ।
- निर्वाचनमा सहभागी भई आफ्नो अमूल्य मतको प्रयोग गरौं ।
- निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष, विश्वसनीय र भयरहित बनाउन सबै पक्षबाट सहयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



